साक्षर समाज-सक्षम राष्ट्र

अक्षर चिन्न सक्ने हातले मात्रै आफ्नो अधिकार चिन्न सक्छ, शिक्षित नागरिकले मात्रै समाज परिवर्तन गर्न सक्छ, साक्षरता भनेको केवल पढ्न लेख्न जान्नु मात्र होइन, यो आत्मविश्वास, रोजगारी, स्वास्थ्य र स्वतन्त्रताको ढोका हो।

शिक्षा:

- आत्मनिर्भर बन्नका लागि,
- रोजगारी र अवसरको लागि,
- लैंगिक, जातीय र क्षेत्रीय समानताका लागि,
- धार्मिक सहिष्णुता र सम्मानको लागि,
- अधिकार र कर्तव्य बोधका लागि,
- स्वास्थ्य सम्बन्धी सचेतनाका लागि,
- आर्थिक सशक्तिकरणका लागि,
- सामाजिक विकास र समृद्ध राष्ट्रको लागि ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# प्रभाव दैनिक
National Daily

वर्ष १३ | अंक ११७ | काठमाडौं | मंगलबार, ०२ भदौ २०८३ | Prabhab National Daily | Tuesday, 18 August 2026 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५ |-

## विज्ञापन बजार व्यवस्थित गर्न राष्ट्रिय दैनिकहरूको प्रतिबद्धता



■ प्रभाव संवाददाता

**काठमाडौं–** राष्ट्रिय दैनिक पत्रिकाहरूले छापा माध्यम क्षेत्रमा देखिएको आर्थिक संकट, विज्ञापन बजारको अस्वस्थ प्रतिस्पर्धा, अनियमित मूल्य निर्धारण तथा भुक्तानी प्रणालीलाई व्यवस्थित गर्न सामूहिक प्रतिबद्धता घोषणा गरेका छन् ।

काठमाडौंमा सोमबार सम्पन्न राष्ट्रिय दैनिकका सञ्चालकहरूको साझा भेलाले विज्ञापन बजारमा स्वस्थ प्रतिस्पर्धा, पारदर्शी कारोबार र सञ्चार उद्योगको दिगो विकासलाई प्राथमिकता दिँदै सामूहिक प्रतिबद्धतासहितको घोषणापत्र जारी गरेका हुन् । घोषणापत्रमा डिजिटल माध्यमको तीव्र विस्तार, विज्ञापन बजारमा आएको संकुचन, अस्वस्थ मूल्य प्रतिस्पर्धा तथा भुक्तानीमा देखिएको अनियमितताका कारण समग्र छापा माध्यम गम्भीर आर्थिक चुनौतीमा परेको उल्लेख गरिएको छ । यस्तो अवस्थामा राष्ट्रिय दैनिकहरूबीच आपसी सहकार्य, समन्वय र व्यावसायिक मर्यादा कायम गर्न आवश्यक रहेको भेलाको निष्कर्ष छ ।

राष्ट्रिय दैनिकहरूले विज्ञापन

- विज्ञापन बजारमा स्वस्थ प्रतिस्पर्धा, पारदर्शी कारोबार र सञ्चार उद्योगको दिगो विकासलाई प्राथमिकता दिने सामूहिक प्रतिबद्धता घोषणा
- डिजिटल माध्यमको तीव्र विस्तार, विज्ञापन बजारमा आएको संकुचन, अस्वस्थ मूल्य प्रतिस्पर्धा तथा भुक्तानीमा देखिएको अनियमितताका कारण समग्र छापा माध्यम गम्भीर आर्थिक चुनौतीमा परेको निष्कर्ष
- विज्ञापन बजारमा न्यूनतम व्यावसायिक मापदण्ड कायम गर्न साझा आधार भूत विज्ञापन दर निर्धारण तथा कार्यान्वयनका लागि आवश्यक संयन्त्र निर्माण गरिने

दरमा अनावश्यक प्रतिस्पर्धा नगर्ने र वास्तविक लागत तथा बजार मूल्यभन्दा अस्वाभाविकरूपमा कम दरमा विज्ञापन स्वीकार नगर्ने प्रतिबद्धता जनाएका छन् । विज्ञापनको आकार, स्थान, प्रकृति, प्रकाशन दिन तथा अन्य व्यावसायिक सुविधाका आधारमा पारदर्शी र स्पष्ट दर निर्धारण गर्ने उनीहरूको भनाइ छ ।

त्यस्तै, विज्ञापन बजारमा न्यूनतम व्यावसायिक मापदण्ड कायम गर्न साझा आधारभूत विज्ञापन दर निर्धारण तथा कार्यान्वयनका लागि आवश्यक संयन्त्र निर्माण गर्ने घोषणा गरिएको छ । विज्ञापनदाता आकर्षित गर्ने नाममा अत्यधिक तथा अपारदर्शी छुट, कमिसन वा अन्य सुविधामार्फत अस्वस्थ प्रतिस्पर्धा नगर्ने पनि प्रतिबद्धता गरिएको छ ।

भेलाले विज्ञापनदाता, विज्ञापन एजेन्सी र सञ्चारमाध्यमबीच हुने कारोबारलाई पारदर्शी बनाउन स्पष्ट बिल, वास्तविक विज्ञापन मूल्य र प्रकाशनसम्बन्धी प्रमाणलाई प्राथमिकता दिने निर्णय गरेको छ । तेस्रो पक्षको नाममा हुने अपारदर्शी बिलिङ तथा भुक्तानी प्रणालीलाई निरुत्साहित गर्न सम्बन्धित निकायसँग सहकार्य गर्ने घोषणा पनि गरिएको छ ।

विज्ञापन भुक्तानीमा सम्भव भएसम्म विज्ञापनदाता र सञ्चारमाध्यमबीच प्रत्यक्ष तथा पारदर्शी प्रणाली विकास गर्न पहल गरिने भएको छ ।

क्रमशः पृष्ठ २ मा

# विपक्षीसँग गले सभामुख

## सदनमा उपस्थित भएर जवाफ दिन प्रधानमन्त्रीलाई 'रुलिङ'

- विपक्षीको लगातारको दबाबपछि प्रधानमन्त्रीलाई सांसदहरूको प्रश्नको जवाफ दिन सभामुखको निर्देशन
- रास्वपाभित्रको शक्ति समीकरणले पनि सभामुखमाथि बढायो दबाब
- यसअघि 'रूलिङ गर्न मिल्दैन' भनेका सभामुखले अडान बदले
- प्रधानमन्त्रीलाई भदौ १० गते सांसदका प्रश्नको जवाफ दिन बोलाइयो
- रूलिङ कार्यान्वयन गराउनु अब सभामुखकै मुख्य चुनौती



> "प्रतिनिधिसभाको बैठकमा उपस्थित भई नियमावलीको नियम ५६, ५७, ५८, ५९ र ६० बमोजिम माननीय सदस्यहरूको प्रश्नको जवाफ दिन म सम्माननीय प्रधानमन्त्रीलाई निर्देश गर्दछु ।
>
> ■ डोलप्रसाद अर्याल
> सभामुख

■ जेबी योञ्जन

**काठमाडौं–** प्रतिनिधिसभामा लामो समयदेखि चलिरहेको गतिरोधबीच सभामुख डोलप्रसाद अर्यालले प्रधानमन्त्री वालेन्द्र शाहलाई सदनमा उपस्थित भएर सांसदका प्रश्नको जवाफ दिन निर्देशन दिएका छन् । सोमबारको प्रतिनिधिसभा बैठकमा सभामुख अर्यालले पहिलोपटक प्रधानमन्त्रीलाई औपचारिकरूपमा रुलिङ गरेका हुन् । प्रधानमन्त्रीलाई नियमावलीका नियम ५६ देखि ६० बमोजिम प्रश्नको जवाफ दिन निर्देशन दिइएको छ ।

यो रुलिङ संसदीय प्रक्रियाको सामान्य कदममात्र नभएको राजनीतिक वृत्तमा चर्चा छ । लामो समयदेखि विपक्षी दलहरूले प्रधानमन्त्रीको उपस्थिति माग्दै सदन अवरुद्ध गर्दै आएका थिए । सभामुखमाथिसमेत प्रधानमन्त्रीलाई सदनमा उपस्थित गराउन नसकेको आरोप लाग्दै आएको थियो ।

त्यसबीच सत्तारुढ राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) भित्रको शक्ति समीकरण पनि बदलिँदै गएको देखिन्छ । प्रधानमन्त्री शाह र पार्टी नेतृत्वबीचको सम्बन्ध, संसद्मा पार्टीका सांसदको भूमिका तथा सरकार सञ्चालनमा देखिएका असन्तुष्टिकाबीच सभामुख अर्यालमाथि पनि दबाब बढेको थियो । यही दबाबकाबीच सभामुखले प्रधानमन्त्रीलाई रुलिङ गरेको स्रोतको दाबी छ ।

प्रधानमन्त्री लामो समयदेखि सदनमा उपस्थित नभएपछि विपक्षी दलहरू नेपाली कांग्रेस, नेकपा एमाले, नेपाली कम्युनिस्ट पार्टी, श्रम संस्कृति पार्टी र राष्ट्रिय प्रजातन्त्र पार्टीले निरन्तर प्रश्न उठाउँदै आएका थिए । विपक्षीको एउटै माग थियो- प्रधानमन्त्री आफैं सदनमा आउनुपर्छ । आफ्ना विषयमा उठेका प्रश्नको जवाफ प्रधानमन्त्री आफैंले दिनुपर्छ ।

तर सभामुख अर्यालले सुरुमा प्रधानमन्त्रीको उपस्थिति अनिवार्य नभएको भन्दै नियमावलीको व्यवस्था देखाउँदै आएका थिए । प्रधानमन्त्रीको अनुपस्थितिमा सम्बन्धित मन्त्रीले जवाफ दिन सक्ने

> 'रूलिङ गर्ने अधिकार सभामुखको हो । त्यो रूलिङलाई कार्यान्वयन गराउनु पनि सभामुखकै कर्तव्य हो । कार्यान्वयन गराउन नसकेको खण्डमा सभामुख र प्रधानमन्त्री दुवैको भूमिकामाथि प्रश्न उठ्छ ।
>
> ■ राजेन्द्र फुयाल
> संसद्का पूर्वसचिव

अभ्यासलाई सभामुखले स्वीकार गरेका थिए । त्यसैले विपक्षीको दबाब झन् बढ्यो ।

सदन चलाउने जिम्मेवारी सभामुखको थियो । तर प्रधानमन्त्रीकै अनुपस्थितिका कारण सदन लगातार अवरुद्ध भइरह्यो । यस्तो अवस्थामा सभामुखमाथि दुईतर्फी दबाब बढेको देखिन्छ । एकातिर विपक्षी दलको दबाब थियो । अर्कोतिर सत्तारुढ दलकै प्रधानमन्त्रीलाई जोगाएको आरोप थियो । यही अवस्थामा सभामुख अर्यालले प्रधानमन्त्रीसँग पटक-पटक छलफल गरे ।

साउन २३ गते प्रधानमन्त्री र सभामुखबीच करिब ४५ मिनेट भेट भएको विवरण छ । त्यसअघि र त्यसपछि पनि सभामुखले प्रधानमन्त्रीलाई सदनमा उपस्थित भएर प्रश्नको जवाफ दिन आग्रह गरेको बताइन्छ । पछिल्लो समय प्रधानमन्त्री र सभामुखबीच संसद् बैठकअघि पनि भेट भएको थियो ।

सभामुखले प्रधानमन्त्रीलाई आफूले बोलेका विषयमा सदनमा स्पष्ट पार्न आग्रह गरे । तर प्रधानमन्त्रीबाट तत्काल आउने प्रतिबद्धता नआएपछि सभामुखले केही समय पर्खिएको बताइन्छ ।

क्रमशः पृष्ठ २ मा

**सन्दर्भः वैदेशिक रोजगार**

## सरकारको प्रतिबद्धतापछि काममा फर्किए व्यवसायी

### ६० दिनभित्र माग सम्बोधन गर्ने श्रममन्त्रीको प्रतिबद्धता, संघले स्थगन गऱ्यो संघर्षका कार्यक्रम

■ ममता थापा

**काठमाडौं–** सरकारको प्रतिबद्धतापछि वैदेशिक रोजगार व्यवसायीको अन्दोलन स्थगित भएको छ । सोमबार सिंहदरबारस्थित युवा, श्रम तथा रोजगार मन्त्रालयमा मन्त्री रामजी यादव र नेपाल वैदेशिक रोजगार व्यवसायी संघका प्रतिनिधिबीच भएको छलफल सहमतिमा पुगेको हो ।

छलफलमा श्रममन्त्री यादवले संघले उठाएका १५ बुँदे माग आगामी ६० दिनभित्र सम्बोधन गर्ने प्रतिबद्धता जनाएका थिए । उक्त प्रतिबद्धतापछि संघर्षका सम्पूर्ण कार्यक्रम स्थगन गरिएको संघले जानकारी दिएको छ । संघले सोमबार नै व्यवसायीहरूलाई नियमित काम कारबाहीमा फर्किन आह्वान गऱ्यो ।

नीतिगत सुधारको माग राखेर संघर्षमा उत्रिएको संघले सोमबारदेखि देशभरका म्यानपावर बन्द गरेर सरकारलाई दबाब दिएको थियो । तर, सोमबार ११ बजे भएको छलफल सहमतिमा पुगेपछि म्यानपावर कार्यालयहरू खुलेका थिए ।

सोमबार श्रममन्त्री यादव र संघका प्रतिनिधिबीचको छलफलपछि मन्त्रालयका प्रवक्ता पिताम्बर घिमिरेले प्रेस विज्ञप्ति जारी गरी व्यवसायीहरू आन्दोलन स्थगन गरी काममा फर्कने सहमति भएको जानकारी दिएका थिए ।

क्रमशः पृष्ठ २ मा






### संघको निर्णयमा लोकतान्त्रिक एसोसिएसन असन्तुष्ट

**काठमाडौं (प्रस)–** नेपाल वैदेशिक रोजगार व्यवसायी संघले आन्दोलन स्थगन गरेकोप्रति नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसनले असन्तुष्टि जनाएको छ । सोमबार व्यवसायीले कार्यालय बन्द गरेको केही घन्टामै आन्दोलन स्थगित गर्नुको स्पष्ट जवाफ संघले दिनुपर्ने माग एसोसिएसनले राखेको छ ।

क्रमशः पृष्ठ २ मा

## होडानले मनायो प्रथम वार्षिकोत्सव



**काठमाडौं (प्रस)–** स्वास्थ्य संस्था सञ्चालक संघ नेपाल (होडान)ले प्रथम वार्षिकोत्सव मनाएको छ । सोमबार कागेश्वरी मनोहरा नगरपालिकामा रहेको सृजनशील बाल आश्रममा विशेष कार्यक्रम गरी वार्षिकोत्सव मनाइएको संस्थाका महासचिव रघुनाथ पनेरुले बताए ।

कार्यक्रममा नेपाल मेडिकल व्यावसायी संघका निवर्तमान अध्यक्ष सिताराम रेग्मीले होडानले व्यावसायीको हितमा काम गरेको तथा राज्यका हरेक निकायलाई झकझकचाउने काम गरेको भन्दै प्रशंसा गरे । संघका महासचिव नवराज पौडेलले व्यवसायीलाई एक बनाएर लैजान आग्रह गरे ।

होडानका अध्यक्ष मदनकुमार पूर्बेको अध्यक्षतामा भएको कार्यक्रममा सोमराज लिम्बूले स्वागत मन्तव्य राखेका थिए । सृजनशील बाल सेवाा परिवार संस्थाकी अध्यक्ष उमादेवी कार्की बस्नेतले बालबालिकाप्रति स्नेह देखाएकोमा होडान नेतृत्वप्रति आभार प्रकट गरिन् ।

## देउवालाई आफ्नैले डुबाएको गगनको आरोप

### संस्थापनइतर पक्षको भेलाले गरेको निर्णय पार्टीको अंग नहुने प्रस्टोक्ति

- देउवालाई डुबाउन सभापतिको नेमप्लेट राखिदिएको दाबी
- जसले वरिपरि बसेर धूप बाले ती आफ्ना लागे, आफ्नाले डुबाए, फेरि डुबाउँछन्
- देउवाले भनेपछि ढ्याक्कै सबै कुरा मिल्छ भनेर तीन पटक भन्न लगाएको आरोप
- १५औं महाधिवेशनका लागि देउवालाई दिए निम्तो



■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाली कांग्रेसका सभापति गगन थापाले निवर्तमान सभापति शेरबहादुर देउवालाई आफ्नैले डुबाउने भन्दै सचेत रहन आग्रह गरेका छन् । काठमाडौंको चुनदेवीमा सभापतिको 'नेमप्लेट' राखेर देउवा बस्न थालेकोप्रति टिप्पणी गर्दै थापाले यस्तो आग्रह गरेका हुन् ।

यो विषयले आफूलाई नरमाइलो लागेकोसमेत गगनले बताए । 'मेरो आदरणीय नेता, पूर्वसभापति, शेरबहादुर देउवालाई भन्नुपर्ने केही कुराहरू छन् । दाइ, तपाईंलाई अस्ति लगेर साथीहरूले नेमप्लेट राखेर सभापति भनेर राख्दिएछन् । मलाई अलिकति नरमाइलो लाग्यो,' सोमबारको केन्द्रीय समिति बैठकमा भने ।

चुनदेवी सम्पर्क कार्यालयमा साउन २८ गते 'शेरबहादुर देउवा, सभापति' लेखिएको नेमप्लेट राखिएको थियो । उक्त नेमप्लेट आफूले कोही पनि नेतालाई नसोधी आफैं राखिदिएको पूर्णबहादुर तामाङ (कान्छाराम) ले संस्थापनइतरको साउन २९ गतेको राष्ट्रिय भेलामा खुलाएका थिए ।

विभिन्न बैठकमा आफूले देउवालाई सम्झाए पनि नमानेको गगनको भनाइ थियो । 'हिजो पनि पदाधिकारी हुनुभएको, अहिले पनि पदाधिकारी हुनुभएको नेताहरूले किन धेरै दिनमा पदाधिकारीको बैठक बस्छ । के-के कुराहरू भन्नुभएको छ भन्ने कुराको बारेमा म प्रायः सबै बैठकमा म साक्षी छु । केही नेताहरूले त त्यहाँ केन्द्रीय समितिको बैठकमा भन्नुभयो । तर त्यो बेलामा जसले यसो नगरौं दाइ भनेर भन्यो,' थापाले भने, 'ती सबै तपाईंलाई पराई लागे । जसले वरिपरि बसेर धूप बाले, ती आफ्ना लागे । आफ्नैलाई डुबाए दाइ । फेरि डुबाउँछन् । यसको चिन्ता हो ।'

जेन-जी विद्रोहको अघिल्लो दिन पनि आफू देउवासँगै भएको र उपयुक्त सुझाव दिएको गगनको दाबी थियो । देउवालाई जेन-जी विद्रोहमा कुटपिटपछि पनि असोजमा भएको 'कमब्याक'मा देउवाको सहज अवतरण गरेको गगनको भनाइ थियो ।

क्रमशः पृष्ठ २ मा

# अन्तरक्रिया कार्यक्रमसहित मनाइयो तामाङ प्रसारण दिवस

## पत्रकारद्वय जगतमान र जमुनाले पाए 'तामाङ मिडिया अवार्ड'

■ प्रभाव संवाददाता



**काठमाडौं–** यस वर्षको तामाङ मिडिया अवार्ड पत्रकारद्वय जगतमान बल तामाङ र जमुना थिङ तामाङलाई प्रदान गरिएको छ । तामाङ पत्रकार संघले ३२औं तामाङ प्रसारण दिवसका अवसरमा सोमबार आयोजना गरेको कार्यक्रममा अवार्ड वितरण गरिएको हो ।

कार्यक्रममा प्रतिनिधिसभा सदस्य परशुराम तामाङले 'तामाङ मिडिया अवार्ड-२०८३' का लागि छनोट भएका पत्रकारद्वयलाई सम्मानपत्र र संघका अध्यक्ष नेत्र तामाङले जनही १० हजार रूपैयाँ हस्तान्तरण गरे । पत्रकारितामार्फत तामाङ समुदायको भाषा, संस्कृति, धर्मलगायत जातीय पहिचानको संरक्षण एवं प्रवर्द्धनका साथै अधिकारका सवालहरू उजागर गर्न गरेको योगदानको मूल्यांकन गर्दै अवार्ड प्रदान गरिएको संघले जनाएको छ ।

अवार्ड प्राप्त गरेका पत्रकार जगतमान काभ्रेपलाञ्चोकका हुन् । रेडियो नमोबुद्धबाट वि.सं. २०६४ मा पत्रकारिता सुरु गरेका उनले तामाङ तथा नेपाली भाषाको समाचार सम्पादन/वाचन एवं कार्यक्रम उत्पादक/सञ्चालक तथा हाल स्टेसन म्यानेजरका रूपमा काम गर्दै आएका छन् । उनी नेपाल टेलिभिजनबाट प्रसारण हुँदै आएको तामाङ भाषाको कार्यक्रम 'ल्हास्सो'को निर्माता/प्रस्तोतासमेत हुन् ।

मकवानपुरकी जमुनाले वि.सं. २०७६ सालमा समृद्ध समाज दैनिकबाट पत्रकारिता सुरु गरेकी हुन् । मकवानपुर जिल्ला, हेटौंडा उपमहानगरपालिका -१२ स्थायी निवासी तामाङ विभिन्न रेडियो, अनलाइन र पत्रपत्रिका हुँदै हाल वागमती प्रदेशको राजधानी हेटौंडाबाट हिमालय टेलिभिजनको संवाददाताको भूमिकामा रहेर सक्रिय रहँदै आएकी छन् ।

रेडियो नेपालबाट वि.सं. २०५१ भदौ १ गते पहिलोपटक तामाङ भाषाको समाचार प्रसारण भएको अवसरलाई तामाङ समुदायले प्रसारण दिवसको रूपमा मनाउँदै आएको हो । तामाङ पत्रकार संघका जिल्ला तथा प्रदेश शाखाहरूलेसमेत आ-आफ्नो जिल्ला/प्रदेशमा विभिन्न कार्यक्रम गरी प्रसारण दिवस मनाएको संघले जानकारी दिएको छ ।

कार्यक्रममा लेखक, अनुसन्धाता एवं तामाङ पत्रकार संघका संस्थापक अध्यक्ष रवीन्द्र तामाङले अवार्डप्राप्त पत्रकारहरूको योगदानबारे चर्चा गरेका थिए । अवार्ड छनोट समितिका संयोजकसमेत रहेका उनले तामाङ पत्रकार संघको परिकल्पनादेखि प्रसारण दिवस मनाउनुको उद्देश्यबारे प्रस्ट पारेका थिए ।

प्रतिनिधिसभा सदस्य तामाङले विगतको सञ्चारमाध्यमको इतिहास र तामाङ भाषाको समाचारको सुरुआती समयको संघर्ष स्मरण गर्दै प्रसारण दिवसको अवसरमा आफू नै सबैभन्दा खुसी भएको व्यक्ति रहेको सुनाए । उनले मातृभाषाहरूको विकासमा राज्यले लगानी गर्नुपर्नेमा जोड दिए । 'तामाङमात्र नभएर नेपालका आदिवासी जनजातिहरूको भाषा विकास राज्यले गर्नुपर्छ,' उनले भने, 'यो समुदायको त हो नै राज्यको पनि मुद्दा र दायित्व हो । आदिवासीको भाषा जोगाउने काम राज्यले गर्नुपर्छ ।'

तामाङ भाषाको समाचार सरकारी तहको सञ्चार माध्यम रेडियो नेपाल, नेपाल टेलिभिजनदेखि गोरखापत्रसम्म आउनुपर्छ भन्नेमा आफ्नो हस्ताक्षर र पहल भएको उनले स्मरण गरे ।

नेपाल आदिवासी जनजाति पत्रकार महासंघ (फोनिज) का अध्यक्ष लक्की चौधरीले मातृभाषी पत्रकारिताले भाषा जगेर्नासँगै आदिवासीको कला, संस्कृति, संस्कार र पहिचानसमेत जोगाउने बताए । उनले भने, 'राज्यले लगानी गरेन भने मातृभाषी पत्रकारिता विलीन हुँदै जान्छ । मातृभाषी पत्रकारिता गरेरमात्र पत्रकारहरू टिक्ने र बिक्ने अवस्था छैन ।'

कार्यक्रममा 'तामाङ सञ्चारको यात्रा: छापादेखि एआईसम्म' विषयक अन्तरक्रियासमेत गरियो । पूर्वमिस तामाङ सफलता थिङ तामाङले सहजीकरण गरेको अन्तरक्रियामा वक्ताका रूपमा भाषाविद् अमृत योञ्जन, आइटीविज्ञ प्रा.डा. बालकृष्ण बल, सञ्चारकर्मीद्वय मिक्साङ वाइबा र वीरबल तामाङ थिए । वक्ताहरूले सञ्चार क्षेत्रमा छापा पत्रकारितादेखि एआईसम्म आइपुग्दा तामाङ भाषाको पत्रकारिताका विगत र वर्तमानसम्मका आयामहरूलाई खोतल्ने जमर्को गरे ।

संघका अध्यक्ष नेत्र तामाङले मातृभाषी पत्रकारिताको फराकिलो आयामको यात्रालाई डोऱ्याउने अग्रजदेखि अनुजपुस्ता सबैलाई आभार व्यक्त गर्दै यसको विकासका लागि सबैको पहल हुनुपर्ने बताए ।

---

### लिक्विडेटर कार्यालयको हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०५५/११/१४ मा दर्ता कायम भएको **एभरेष्ट नेट प्रा.लि. (प्रा.लि.नं. १००२२/०५५/०५६)** लाई खारेजी लिक्वडेशनमा लैजाने कम्पनी ऐन, २०६३ को दफा १२६ बमोजिम मिति २०८३/०५/०१ गतेको बिशेष बैठकले निर्णय गरेकोले यस कम्पनीले तिर्न बेहोर्नु पर्ने ऋण, धन, एवं कोहि कसैको बाँकी बक्यौदा लेनदेन आदि भएमा स-प्रमाण सहित हक दाबि गर्न यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र लिक्वीडेटरको कार्यालय त्रिपुरेश्वरमा सम्पर्क राख्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**लिक्विडेटर अधिवक्ता संजय कुमार शाह**
**इजाजत पत्र नं. ३९१/फोन नं. ९८४१४४९३३८**

---

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

### कम्पनीको दर्ता खारेज गरिएको सूचना

यस कार्यालयमा मिति २०७५/०६/०१ मा दर्ता भएको **प्रा. लि. नं. १९८८४२** को **रकोन टेक्नोलोजिज प्रा. लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८३/०५/०१ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

---

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

### वैदेशिक रोजगार विभागको सार्वजनिक सूचना

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय संचालन गर्न ईजाजत प्राप्त श्री All Rahim Manpower Pvt.ltd. (इ.प.नं. 1264/074/75) को तपसिल बमोजिमका सञ्चालकहरू शेयरधनीहरूले आफ्नो नाममा कायम रहेको शेयरहरु दा.खा. नामसारी गरी पाउन कम्पनी रजिष्ट्रारको कार्यालयका नाममा सहमतिको सिफारिश गरि दिन यस विभागमा निवेदन दिएको हुँदा माग वमोजिम शेयर हक हस्तान्तरण तथा नामसारीको सहमति दिँदा कोही कसैको हक स्वामित्व तथा लेनादेनामा असर पर्ने भए वा कसैलाई मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र सवुद प्रमाण सहित वैदेशिक रोजगार विभागमा सम्पर्क गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । अन्यथा माग बमोजिम शेयर नामसारीको लागि सहमति भै जाने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराईन्छ

तपशिलः

| साविकका शेयरधनीहरूको नाम | अब कायम हुने शेयरधनीहरूको नाम |
|---|---|
| १. अम्बरजित राई (०१-५०,०००) | १. अम्बरजित राई (०१-२५,०००) |
| २. राजभक्त नेवाङ लिम्बु (५०,०००- ७५,०००) | २. लिला कुमार राई (२५,००१-५०,०००) |
| ३. विरोज केदेम (७५,००१-१,००,०००) | ३. राजभक्त नेवाङ लिम्बु (५०,०००- ७५,०००) |
| | ४. विरोज केदेम (७५,००१-१,००,०००) |

---


### अधिकतम खुद्रा बिक्री मूल्य (MRP) प्रकाशनको सूचना

यस कम्पनीले चीनबाट पैठारी गरेको देहायको मालबस्तुहरूको खद्रा अधिकतम बिक्री मूल्य निम्न बमोजिम भएको व्यहोरा सर्वसाधरणको जानकारीका लागि यो मूल्य सुची प्रकाशन गरिएको छ ।

| सि.नं | मालवस्तुको विवरण | आकार प्रकार | ब्रान्ड | मोडल | उत्पादित मुलुक | क्षमता | इकाइ | प्रति इकाइ मूल्य | अधिकतम खुद्रा बिक्री मूल्य |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | इलेक्ट्रिक स्कुटर | इलेक्ट्रिक स्कुटर | Benbao | Magician(S910) | चीन | ३००० वाट | १० पिस | २८०,०००/- | ३००,०००/- |
| २ | इलेक्ट्रिक स्कुटर | इलेक्ट्रिक स्कुटर | Benbao | E4(S950) | चीन | ३००० वाट | १० पिस | २९०,०००/- | ३०९,०००/- |
| ३ | इलेक्ट्रिक स्कुटर | इलेक्ट्रिक स्कुटर | Benbao | King (S1200) | चीन | ३००० वाट | १० पिस | २९५,०००/- | ३१३,०००/- |
| ४ | इलेक्ट्रिक स्कुटर | इलेक्ट्रिक स्कुटर | Benbao | Corolla(V900) | चीन | ३००० वाट | १० पिस | २३५,०००/- | २५०,०००/- |

**बिक्रेता फर्मको नाम : जामुनी अटो सेन्टर प्रा.लि.** स्थायी लेखा नं: ६१०२९४९९०
फोन नं : ९८०२३४५४७२ Exime Code: ६१०२९४९९०१३९ NP
ठेगाना : भृकुटीमण्डप, काठमाडौं, नेपाल



### कुवेतमा रोजगार

कम्पनी : ALGHANIM INTERNATIONAL GENERAL TRADING & CONTRACTING CO. W.L.L.

पूर्व स्वीकृति मिति : २०८१/०८/१३ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०८/०५ | LT. No. 314528 | चलानी नं. ६०२२८९०४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner General | 0 | 10 | 135 | ६६,५९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Security Guard/guard | 25 | 0 | 135 | ६६,५९० | | | | | | | |
| 3 | Heavy Equip Operator | 3 | 0 | 220 | १०८,५२० | | | | | | | |
| 4 | Labour | 9 | 0 | 95 | ४६,८६० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय ललितपुरमा मिति: २०८३ भदौ ९ गते (25th Aug. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ५५९/०६२/०६३
Swift Gurkha International Pvt. Ltd.
Samakhusi, Tokha Road, Ktm, Nepal. Tel: +9771 4352128, 4389471, 4350987, Fax: +977-1-4350534



### कुवेतमा रोजगार

कम्पनी : MYRTILLO BEVERAGE COMPANY | शहर : Kuwait
पूर्व स्वीकृत मिति: २०८३/०४/२७ | चलानी नं.: ६०२५९७५२ | LT.No.: 346445

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Barista | 5 | 5 | स. काममा दक्ष | 150 | ७४,३९७ | क.नि. | ८ घण्टा | ६ | क.नि. | छैन | छ | २ |

### साउदीमा रोजगार

कम्पनी : NAWA UNITED CONTRACTING EST | शहर : Dammam
पूर्व स्वीकृत मिति: २०८३/०५/०१ | चलानी नं.: ६०२५९७४९ | LT.No.: 346637

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction of Steel Construction Worker | 4 | 0 | स. काममा दक्ष | 1300 | ५२,७६७ | क.नि. | ८ घण्टा | ६ | क.नि. | छैन | छ | २ |

### युएईमा रोजगार

कम्पनी : STREAM RECRUITMENT - SOLE PROPRIETORSHIP L.L.C | शहर : UAE
पूर्व स्वीकृत मिति: २०८३/०४/२७ | चलानी नं.: ६०२५९७५० | LT. No.: 346499

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Black/Plaster Mason | 10 | 0 | सम्बन्धित काममा दक्ष | 1600 | ६६,३८४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | BUILDING (SHUTERING) CARPENTER | 10 | 0 | | 1600 | ६६,३८४ | | | | | | | |
| 3. | Building Labour | 20 | 0 | | 1400 | ५८,०८६ | | | | | | | |
| 4. | BUILDING STEEL FIXER | 10 | 0 | | 1600 | ६६,३८४ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ भदौ ९ गते (25 August, 2026) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्योहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्योहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्योहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निः शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइ को जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्न होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफूसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Gov. Lic No. 1746 /081/82
MAHA INTERNATIONAL HR SOLUTION PVT. LTD.
Airport Kalimatidol, Kathmandu | Tel: +977 01 5923308
Mob.: 9813768590, 9802390077 | Email: mahainfo59@gmail.com


---

### ॐ साई कृषि सहकारी संस्था लि.

ल.पु.म.न.पा.वडा नं.१२ लगनखेल ललितपुर, फोन नं.०१-५४२९८३४

**धितो लिलाम सम्बन्धित ७ दिने सार्वजनिक सूचना**

(प्रथम पटक प्रकाशित मिति : २०८३/०१/०७)
(दोस्रो पटक प्रकाशित मिति : २०८३/०२/१९)
(तेस्रो पटक प्रकाशित मिति : २०८३/०५/०२)

यस सहकारी संस्थाबाट ऋण लिनु भएका तपशिलमा उल्लेखित ऋणीहरूले कर्जा लिदा गरिदिएको लिखित र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए बमोजिम बुझाउनु पर्ने साँवा, ब्याज, किस्ता र हर्जनाको रकम नतिरेको हुँदा तपाईहरूको नाममा पटक पटक संस्थाको तर्फबाट मौखिक तथा लिखित तरताकेता एवम् राष्ट्रियस्तरको दैनिक पत्रिका प्रभाव दैनिकमा मिति २०८३/०१/०७ गते प्रथम पटक **३५ (पैतिस) दिने** सूचना प्रकाशित गर्दा र दोस्रो पटक मिति २०८३/०२/१९ गते **२१ (एकाइस) दिने** सूचना प्रकाशित गर्दा समेत कर्जा चुक्ता गर्न तर्फ कुनै सोच नदेखिएको हुँदा धितो लिलाम सम्बन्धी यो सार्वजनिक सूचना जारी गरिएको छ । उक्त कर्जा र सोमा लाग्ने साँवा, ब्याज हर्जना रकम तथा लिलाम हुने मिति सम्मको अन्य दस्तुर समेत आजको मितिले **७ (सात) दिन** भित्र सम्बन्धित ऋणी स्वयम् वा प्रतिनिधि मार्फत चुक्ता गर्न आउनुहोला । अन्यथा सहकारी ऐन २०७४ एवम् सहकारी नियमावली २०७५ र अन्य प्रचलित कानुन बमोजिम संस्थाको लेना रकम असुल उपर गर्नको लागि सुरक्षण वापत लेखिदिएको तपसिल बमोजिम यस संस्थाको नाममा धित्तो दृष्टि बन्धक रहेको अचल सम्पत्ति (धितो) जे जस्तो अवस्थामा छ सोही अवस्थामा यो सूचना प्रकाशित भएको मितिले **८औ दिन**मा वा सो दिन सार्वजनिक बिदा परेमा सो को भोलिपल्ट कार्यालय खुलेको दिन संस्थाको कार्यालय लगनखेलमा लिलाम हुने व्यहोरा सर्वसाधारण सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । लिलाम हुँदा संस्थाको लेना रकम नपुग भएमा ऋणी तथा व्यक्तिगत जमानीकर्ताको अन्य चल अचल जायजेथा श्रीसम्पत्तिबाट बाँकी लेना रकम असुल उपर गरिने छ । लिलाम सकार गर्ने व्यक्ति, फर्म वा कम्पनीले लिलाम सकार गर्दा लिलाम कबुल गरेको मुल्यको १०% रकम सोहि बखतमा धरौटी बापत बुझाउनु पर्नेछ र बाँकी रकम १० दिन भित्रमा चुत्ता गर्नु पर्नेछ । बाँकी रकम १० दिनभित्र चुक्ता नगरे उक्त धरौटी रकम जफत गरिनेछ । धितो लिलाम प्रक्रियामा कोही पनि सहभागी नभएमा संस्था आफैले उक्त धितो सकार गरी सम्बन्धित कार्यालय मार्फत दाखिला खारेज गरिने व्यवहोरा जानकारी गराइन्छ । धितो लिलाम सकार हुदा हाम्रो सम्पत्ति कम मूल्यमा वा यथोचित मूल्याङकन नगरी लिलाम सकार गरी लियो भनी कही कतै उजुर बाजुर गर्न पाउने छैन भन्ने व्यहोरा समेत सम्बन्धित सबैलाई यो सूचना बाट जानकारी गराइन्छ ।

**तपशिल**
**ऋणीको तिन पुस्ते विवरण**

| ऋणीको तिन पुस्ते विवरण | धनजमानी दिनेहरू | धितोमा रहेको सम्पतिको विवरण |
|---|---|---|
| **नाम : मायादेवी शाक्य**<br>बाबु : देवराज शाक्य<br>हजुर बुबा : पुण्यराज शाक्य<br>ना.प्र.नं. : ३४७<br>नाम : हर्षराज शाक्य<br>बाबु : देवराज शाक्य<br>हजुर बुबा : पुण्यराज शाक्य<br>ना.प्र.नं. : ३४८ | **नाम : सुनिल शाक्य**<br>बाबु : देवराज शाक्य<br>हजुर बुबा : पुण्यराज शाक्य<br>ना.प्र.नं. : ५३५१३<br>**नाम : सरला रन्जित शाक्य**<br>बाबु : मंगल कृष्ण रन्जित<br>हजुर बुबा : हरि शरण रन्जित<br>ना.प्र.नं. : ९०६ | मायादेवी शाक्य र हर्षराज शाक्यको संयुक्त नाममा मालपोत कार्यालय ललितपुरमा दर्ता कायम रहेका ललितपुर उ.म.न.पा. वडा नं.१२ (हाल ललितपुर म.न.पा.१२) सिट नं.१२ को कित्ता नं.५८६ को क्षेत्रफल ०-१-१-३ मा रहेको घर जग्गा एवम् सम्पूर्ण लिगलगापात समेत । |

---


### कतारमा रोजगार

कम्पनी : GLAZE BEAUTY SALON
पूर्व स्वीकृति मिति : २०८३/०४/२८ | LT. No. 346473 | चलानी नं. ६०२५९७४५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Beautican | 0 | 1 | 1700 | ७१,१६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : PANDA LAUNDRY / BLANKET LAUNDRY
पूर्व स्वीकृति मिति : २०८२/०९/०८ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०५/०१ | LT. No. 335890 | चलानी नं. ६०२४९४३१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 10 | 0 | 1000 | ४१,८६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ भदौ ९ गते (25th Aug. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


श्रम ईजाजत नं. १६६९/०८०/०८१
ASLIYA MANPOWER SUPPLY PVT. LTD.
Kathmandu Metropolitian City-9, Gairigaun, Bagmati Province, Phone No. 9843148012, 9707934456

### युएइमा रोजगार

कम्पनी : I K A H ELECTRICAL CONTRACTING L L C - S.P.C
पूर्व स्वीकृति मिति : २०८३/०४/२७ | LT. No. 346495 | चलानी नं. ६०२५९६४२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Aluminum Fabricator | 7 | 0 | 1500 | ६२,१९७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Electrician (General) | 9 | 0 | 1500 | ६२,१९७ | | | | | | | |
| 3. | General Helper | 21 | 0 | 1000 | ४१,४६५ | | | | | | | |
| 4. | General Plumber | 6 | 0 | 1500 | ६२,१९७ | | | | | | | |
| 5. | General Welder | 2 | 0 | 1500 | ६२,१९७ | | | | | | | |
| 6. | Pipe Fitter | 13 | 0 | 1500 | ६२,१९७ | | | | | | | |
| 7. | Scaffolder | 5 | 0 | 1500 | ६२,१९७ | | | | | | | |
| 8. | Steal Fixer | 2 | 0 | 1500 | ६२,१९७ | | | | | | | |
| 9. | Tile Layer | 5 | 0 | 1500 | ६२,१९७ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ भदौ ९ गते (25th Aug. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


LIC No. 1682/080/081
NEPAL WORLD OVERSEAS PVT.LTD
Tinkune-32, Kathmandu, Nepal, Contact: +977-15920448, Contact Person Name : Tul Bahadur Bhujel
Contact No : +977 976-3689919 (WhatsApp) E-mail : nepalworldhr@gmail.com, md@nepalworldhr.com Web: www.nepalworldhr.com


---

### चौदण्डीगढी नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
कोशी प्रदेश, बेल्टार, उदयपुर

**चौदण्डीगढी नगरपालिका संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परिक्षण कार्यविधि २०७७ को दफा ६ को उपदफा (३) सँग सम्बन्धित वातावरणीय अध्ययन प्रतिवेदन तयारी सम्बन्धि सार्वजनिक सूचना !**

**प्रकाशित मितिः- २०८३/०५/०२**

कोशी प्रदेश, उदयपुर जिल्ला, चौदण्डीगढी नगरपालिका, नगर कार्यपालिकाको कार्यालयले देहाय बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | | |
|---|---|---|
| प्रस्तावकको नाम र ठेगाना | चौदण्डीगढी नगरपालिका, नगर कार्यपालिको कार्यालय, कोशी प्रदेश, बेल्टार, उदयपुर ईमेल: chaudandigadhimun@gmail.com, फोन न. ०३५९४४०२६४ | |
| प्रस्तावको व्यहोरा | चौदण्डीगढी नगरपालिका भित्रका विभिन्न नदिरनाला तथा खोलाहरूबाट ढुंगा, गिट्टी, बालुवा उत्खनन्, संकलन र बिक्री वितरण तथा निकासी गर्ने । | |
| प्रभाव पर्न सक्ने क्षेत्र | | |
| IEE गर्ने खोलाहरु | अध्ययन गरिने क्षेत्रहरु | प्रभावित हुन सक्ने वस्तीरक्षेत्रहरु |
| प्याकेज १ | | |
| चप्लेटीरमाडीवास खोला, वडा न.१ र २ | वडा न. १ बिर्ता, माडीवास र वडा न.२ भित्ते, देविथान | मडीवास, बेल्टार, लामेचौरी, गंगटे, अमलचौरी, वरपानी, सुगौरे |
| लामा खोला वडा न. २ र ४ (सिरान तह र माथिसम्म) | वडा न.२ सुगारे, गंगटे, माडिवास, भित्ते, वडा न.४ मगरडाँडा, गंगटे | वडा न.२ सुगारे, गंगटे, माडिवास, भित्ते, वडा न.४ मगरडाँडा, बरपानी, अमल्चौर, गंगटे |
| काली खोला, वडा न. ३ | वडा न.३ वीरेन्द्र चोक, शनिवारे बजारक्षेत्र | वडा न.३ बदेलपानी, राजनागी, पञ्चाली, वडा न.४ सिउलीटोल, थुलुङडाँडा, एघारघरे |
| शिवाई खोला, वडा न. ५ | वडा न.५ शिवाई, | सुन्दरपुर, |
| बडेरूवा खोला, घेर खोला वडा न.५ | वडा न.५ सुन्दरपुर | शिवाई, अजगरा, फत्तेपुर, |
| प्याकेज २ | | |
| अप्रहा खोला, हिलेखोला, कात्तीके र खारखोला वडा न.८ | वडा न.८ कार्तिके, पीदिवास र वडा न.८ बीरेन्द्र बजार, कामीटार | बेल्टार, पण्डित डाँडा, सिद्धिपुर, सालघारी |
| द्वार खोला वडा न.५, ६, ७, र ८ | बीरेन्द्र बजारको पुछारबाट खानेपानी योजना भन्दा माथिसम्म | पिडिवास, वैतुंग, ताङ्तुगे, कामीटार, कार्तिके, |
| | वडा न.७ र ८ को सिमासम्म | वडा न. ७ बेल्टार, पंचमी बजार, वडा न.८ पिडिवास, वैतुंग, तांगतुंगे, कामीटार, कार्तिके, वडा न. ९ पूवी ज्यामिरे क्षेत्र |
| | वडा न.५ र ६ को सिमासम्म | वडा न.६ सातधारे, शिरवानी, केचुवा, वडा न.९ पूर्वी ज्यामिरेक्षेत्र |
| | वडा न.५ र ६ को सिमादेखि द्वार खोला त्रियुगा नदि दोभानसम्म | वडा न.५ बेल्हा, वडा न.६ सातधारे, शिरवानी, केचुवा, वडा न. ९ पूर्वी ज्यामिरेक्षेत्र |
| त्रियुगा नदी वडा न.९ र १० | हँडीया-ज्यामिरे सडक भन्दा मुनि दाँया किनार, पश्चिम ज्यामिरे | पश्चिम ज्यामिरे, धाती, बेल्टार, हँडीया- |
| प्याकेज ३ | | |
| त्रियुगा नदी वडा न.५ र ६ | वडा न.५ र सप्तरीको सिमासम्म | शिवाई, सुन्दरपुर, खैराटोल, बेल्हा, ढेलाचौरी |
| | वडा ५ र ९ को सिमासम्म | वडा न. ९ पूर्वी ज्यामिरे क्षेत्र, वडा न.५ शिवाई, सुन्दरपुर |
| देवधार खोला, वडा न. १० | वडा १० भिमसेन टोल, कुन्ती सा.व.भन्दामुनि र भिमसेन टोल, देवजोर, देवधार त्रियुगादोभान | राहा, खैराहाझोरा, देवजोर, भिमाटोल, भीमसेनथान, खैरहाजोरा |
| प्याकेज ४ | | |
| छाँगे खोला, वडा न.१ | वडा न.१ छाँगे खोला | प्रस्तावित क्षेत्रबाट परिधिभित्र |
| छिडि खोला, वडा न.९ | वडा न.९ छिडि खोला | प्रस्तावित क्षेत्रबाट परिधिभित्र |
| भिमारभरौली खोला, वडा न. ९ | भरौली खोला वडा न.९ भिमाटोल र खोरियाटोल | ज्यामिरे, हंदिया, देवजोर, बेल्टार, लामेचौरी, गंगते, अमलचौरी, खैराजोरा |
| खैराहा खोला, वडा न.१० | वडा न. १० खैराहाजोरा, ढिक | भिमसेनथान, देवजोर |
| कराम्जे खोला, वडा न.३ र ४ | वडा न. ३ र ४, भर्लेनी सम्म | नारदमुनी थुलूनचोक, भित्तेटोल, जब्दी, मकमडाँडा, तीनदोभाने, भर्लेनी |
| सुखासुन्दरी खोला, वडा न.३ र ४ | वडा न. ३ र ४ राजनागी वन भन्दा मुनिदेखि फत्तेपुर जाने सडकसम्म | राजनागी, काली खोला बस्ती |
| देवधार खोला, वडा न.१० | वडा १० भिमसेन टोल, कुन्ती सा.व.सम्म र भिमसेन टोल, देवजोर, देवधार त्रियुगादोभान | राहा, खैराहाझोरा, देवजोर, भिमाटोल, भीमसेनथान, खैरहाजोरा |
| मसुरनिया,हडिया खोला, वडा न.१० | वाडा न. १० मसुरनिया खोला | प्रस्तावित क्षेत्रबाट परिधिभित्र |
| लाटी खोला, वडा न.२ र ७ | वडा न. २ र ७, लामेचौरी वन भन्दा मुनिदेखि लाटी खोला लामा खोला दोभानसम्म | लामेचौरी, कुमन, कामीडाँडा, भुल्के, साकीडाँडा, झोरपाटा, चारघरे |
| सुकुना खोला वडा न.१० | वडा न. १०, सुकुना खोला | प्रस्तावित क्षेत्रबाट परिधिभित्र |
| ज्यामिरे द्वारखोला खोला वाडा न.९ | वार्ड न. ९ ज्यामिरे द्वारखोला खोला | प्रस्तावित क्षेत्रबाट परिधिभित्र |

माथि उल्लिखित प्रस्तावहरूको वातावरणीय अध्ययन प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको जैविक तथा परिस्थितिकीय प्रणाली, प्राकृतिक तथा भौतिक प्रणाली, सामाजिक तथा आर्थिक प्रणाली र संस्कृतिक प्रणालीहरु बीच के कस्तो सकारात्मक तथा नकारात्मक प्रभाव पर्दछ भनी यकिन गर्न चौदण्डीगढी नगरपालिका वडा समिति तथा त्यस क्षेत्रका विद्यालय, स्वास्थ्य संस्था, तथा सरोकारवाला व्यक्ति वा संस्थाको राय सुझाव लिन आवश्यक भएकोले यो सूचना प्रकाशित मितिबाट (१०) दश दिनभित्र लिखित राय सुझाव तथा प्रतिक्रिया पठाईदिन हुन अनुरोध गरिन्छ ।

**राय सुझावको लागि पत्राचार गर्ने ठेगानाहरू**

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | चौदण्डीगढी नगरपालिका, नगर कार्यपालिको कार्यालय, कोशी प्रदेश, बेल्टार, उदयपुर ईमेल : chaudandigadhimun@gmail.com, फोन न ०३५९४४०२६४ |
| परामर्शदाताको नाम र ठेगाना | नव्य टेक्नोलोजी प्रा.लि. बुद्धनगर, काठमाडौं कार्यालय । |

**प्रमुख प्रशासकीय अधिकृत**

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# वैदेशिक रोजगार क्षेत्रको बेथिति र ६० दिने सम्झौता

**नेपाल वैदेशिक रोजगार व्यवसायी संघ र सरकारबीच भएको सहमतिसँगै व्यवसायीको आन्दोलन स्थगित भएको छ । श्रम, युवा तथा रोजगारमन्त्री र संघका प्रतिनिधिबीच सिंहदरबारमा सोमबार भएको साढे तीन घण्टा लामो छलफलपछि सरकारले व्यवसायीका १५ बुँदे माग ६० दिनभित्र पूरा गर्ने प्रतिबद्धता व्यक्त गरेको छ । यस प्रतिबद्धतापछि म्यानपावर व्यवसायीहरू काममा फर्किएका छन् र बन्द रहेका कार्यालयहरू पुनः सञ्चालनमा आएका छन् । वैदेशिक रोजगारीको पर्खाइमा रहेका हजारौं युवा र यस क्षेत्रमा अनिश्चितता छाएको समयमा भएको यो सहमति तत्कालका लागि सकारात्मक देखिए पनि यसका पछाडि रहेका नीतिगत, प्रशासनिक र व्यावहारिक चुनौतीहरू भने गम्भीर छन् ।**

**वैदेशिक रोजगार क्षेत्र नेपालको अर्थव्यवस्थाको मुख्य मेरुदण्ड हो । मुलुकको कूल गार्हस्थ उत्पादन (जिडिपी) मा विप्रेषण (रेमिटचान्स) को योगदान ठूलो रहेता पनि यो क्षेत्र सधैं विवाद, अस्तव्यस्तता र बेथितिको चक्रव्यूहमा जेलिँदै आएको छ । एकातिर व्यवसायीहरूले ऐन–नियमावलीका प्रशासनिक झञ्झट, दोहोरो नीति र अनुगमनका नाममा हुने अनावश्यक दबावविरुद्ध असन्तोष जनाउँदै आएका छन् भने अर्कातिर वैदेशिक रोजगारीमा जाने साधारण श्रमिकहरू ठगी, असुरक्षा र चर्को सेवा शुल्कको मारमा परिरहेका छन् । साउन २२ गतेदेखि श्रम स्वीकृति नै नलिनेजस्तो चरम कदम चालेर दबाब सिर्जना गर्नु व्यवसायीहरूको बाध्यताजस्तो देखिएता पनि यसको प्रत्यक्ष असर सेवाग्राही युवाहरूमा परेको थियो ।**

**सरकारले ६० दिनभित्र ऐन तथा नियमावली संशोधन गरी नीतिगत सुधार गर्ने र प्रशासनिक असहजता सच्याउन वैदेशिक रोजगार विभागलाई निर्देशन दिने प्रतिबद्धता जनाएको छ । तर, विगतका नजिरहरूलाई नियाल्दा सरकारले दिने यस्ता प्रतिबद्धताहरू प्रायः कागजमै सीमित हुने वा कार्यान्वयनमा ढिलासुस्ती हुने गरेको तीतो सत्य छ । संघका प्रथम उपाध्यक्ष महेशकुमार बस्नेतले यो आन्दोलनको अन्त्य नभई केवल 'स्थगन' मात्र भएको र ६० दिनभित्र ठोस प्रगति नदेखिए पुनः आन्दोलनमा उत्रिने चेतावनी दिएका छन् । यसले व्यवसायी र सरकारबीच अझै पनि पूर्ण विश्वासको वातावरण बनिसकेको छैन भन्ने स्पष्ट पार्छ ।**

**वैदेशिक रोजगार ऐन र नियमावलीमा समयअनुकूल परिमार्जन गर्नु अनिवार्य भइसकेको छ । आधुनिक प्रविधि, परिमार्जित श्रमबजार र अन्तर्राष्ट्रिय मापदण्डअनुसार ऐन संशोधन हुनुपर्छ । तर, नीतिगत सुधार गर्दा केवल व्यवसायीका हितलाई मात्र ध्यान नदिई वैदेशिक रोजगारीमा जाने श्रमिकहरूको हक, अधिकार र सुरक्षालाई केन्द्रबिन्दुमा राख्नुपर्छ । व्यवसायीले उठाएका प्रशासनिक सहजताका माग सम्बोधन गर्दा पारदर्शिता र जवाफदेहिता गुम्न दिनु हुँदैन ।**

**अबको ६० दिन सरकार र व्यवसायी दुवैका लागि परीक्षाको घडी हो । सरकारले मन्त्रीस्तरीय प्रतिबद्धतालाई 'फास्ट ट्र्याक'बाट कार्यान्वयनमा लगेर आफ्नो विश्वसनीयता प्रमाणित गर्नुपर्छ । साथै, व्यवसायीहरूले पनि केवल आफ्ना माग र फाइदामामात्र ध्यान नदिई वैदेशिक रोजगार क्षेत्रलाई अनुशासित, पारदर्शी, सुरक्षित र मर्यादित बनाउन इमानदार पहल गर्नुपर्छ । आन्दोलन रोकिनु र म्यानपावर खुल्नुमात्रै समस्याको स्थायी समाधान होइनह मूल कुरा ६० दिनपछि देखिने व्यावहारिक परिवर्तन हो ।**

## श्रम सरोकार

# साउदी अरेबियामा रहेका नेपालीहरूले अपनाउनुपर्ने सावधानी

पछिल्ला दिनहरूमा साउदी अरेबियाका केही दूरसञ्चार कम्पनीहरूका प्रतिज्ञापत्रहरूका प्रावधानहरू कार्यान्वयनका नाममा हुने गरेका विभिन्न किसिमका ठगी बढेको पाइएको छ । जसमा धेरै नेपालीहरू आफूले लिँदै नलिएको वित्तीय दायित्वको झमेलामा परी कानुनी कारबाहीमा पर्दै आएको साउदीस्थित नेपाली दूतावासले जनाएको छ । अनधिकृत व्यक्तिहरूबाट सिमको खरिद गर्दा र आफ्ना व्यक्तिगत विवरणहरू जथाभावी बाँड्दा यस्ता घटनाहरू घटेका हुनसक्ने भन्दै दूतावासले निम्न सावधानी अपनाउन अपिल गरेको छ ।

### मोबाइल सेवा खरिद गर्दा सावधानी अपनाउने

खुला पसलहरू वा अनधिकृत डिलरहरूबाट सिमकार्ड नकिन्ने । मोबाइल सिम कार्ड, इन्टरनेट सेवा, वा किस्ताबन्दी योजनाहरू खरिद गर्दा सम्झौताका सर्तहरू ध्यानपूर्वक अध्ययन गर्ने । सेवा प्रदायक वा एजेन्टहरूसँग माथि उल्लिखित विषयमा सम्झौता गर्दा आफ्नो जानकारीको दुरूपयोग नहुने कुरा सुनिश्चित गर्ने ।

### आफ्नो व्यक्तिगत जानकारी र कागजातहरू सुरक्षित राख्ने

आफ्नो इकामा, राहदानी, बैंक विवरण वा अन्य व्यक्तिगत कागजातहरू अनावश्यकरूपमा कसैलाई नदिने । यदि कोही कसैले तपाईंको इकामा मागेमा मागिएको विवरणहरू किन आवश्यक छ भनी पहिले राम्रोसँग बुझ्नुहोस् । तपाईंको कम्पनी वा अन्य कुनै निकाय वा व्यक्तिले कुनै कागजमा तपाईंलाई हस्ताक्षर गर्न भनेमा त्यसमा लेखिएको व्यहोरा बुझेर उचित लागेमा मात्र हस्ताक्षर गर्नुहोस् ।

### अब्शेर खाताको जानकारी सुरक्षित राख्ने

आफ्नो अब्शेर खाताको विवरण, पासवर्ड, वा ओटिपी कसैलाई पनि नदिने । अपरिचित व्यक्तिलाई तपाईंको अबशेर खाता खोल्न, अपडेट गर्न, वा परिवर्तन गर्न सहयोग नमाग्नुहोस् । कसैले सहयोग गर्छु भने पनि त्यस्तो व्यक्तिको सहयोग नलिने । आफ्नो मोबाइल फोन कसैलाई पनि नदिने । प्रायोजक (स्पोन्सर), एचआर कर्मचारी, वा अन्य जो सुकै भए पनि आफ्नो फोनको प्रयोग गर्न अरुलाई नदिने ।

# फोन ट्यापिङ अधिकारः आवश्यकता र प्रश्न



❑ मोहनकुमार दाहाल

नेपाल प्रहरीले अपराध अनुसन्धानलाई प्रभावकारी, प्रविधिमैत्री र तीव्र बनाउने उद्देश्यले सरकारसँग 'कल इन्टरसेप्सन' अर्थात् फोन टचापिङको अधिकार मागेको विषयले हालै सार्वजनिक बहसलाई तताएको छ । प्रहरीका प्रवक्ता तथा डिआइजी अबिनारायण काफ्लेले प्रहरीको रणनीतिक योजनामै यो विषय समेटिएको र जघन्य अपराधमा संलग्न वा फरार व्यक्तिहरूको फोन कुराकानी 'रियल टाइम'मै सुन्न र अभिलेखीकरण गर्न पाउँदा अनुसन्धानको गुणस्तरमा उल्लेख्य सुधार आउने बताएका छन् । उनका अनुसार यो अधिकार प्राप्त भए प्रहरीले संगठित अपराध, मानव बेचबिखन, लागुऔषध कारोबार, साइबर अपराध र आतंकवादजस्ता जटिल घटनाहरूको अनुसन्धानमा महत्त्वपूर्ण सफलता हासिल गर्न सक्ने छ ।

तर, यसै विषयलाई लिएर नागरिकको गोपनीयताको मौलिक हक, संवैधानिक प्रावधान, विगतका असफल प्रयासहरू र अधिकारको सम्भावित दुरूपयोगका कारण गम्भीर आशंका र विरोध पनि उत्पन्न भएको छ । कानुन व्यवसायी, मानवअधिकारकर्मी, पत्रकार र नागरिक समाजका अगुवाहरूले यो अधिकार दिँदा त्यसको दुरूपयोग नियन्त्रणका लागि स्पष्ट संरचना र स्वतन्त्र निगरानीको माग गरिरहेका छन् । यस्तोमा प्रहरीको मागलाई पूर्णरूपमा अस्वीकार गर्न नसकिने तर अधिकारको दुरूपयोग हुन नदिन सन्तुलित, पारदर्शी र जवाफदेही संयन्त्रको विकास गर्नु नै सबैको साझा माग बनेको छ ।

विगतका गठबन्धन सरकारहरू, जहाँ एमाले, कांग्रेस र माओवादीका आ-आफ्ना विचारधारा बोकेका व्यक्तिहरूको हातमा यो अधिकार गयो भने चरम दुरूपयोग हुने सम्भावना रहन्छ, जुन हामीले विगतमा विभिन्न सन्दर्भमा भोगिसकेका छौं । त्यसैले, यो अधिकार राजनीतिक नेतृत्वभन्दा माथि, संवैधानिक संरक्षणमा रहनेगरी मात्र प्रदान गर्नुपर्नेमा अधिकांश विज्ञहरूको जोड छ ।

वास्तवमा, फोन टचापिङको अधिकारको विषय नेपालका लागि नौलो होइन । यसअघि पनि विभिन्न सरकारहरूले यस्तो अधिकार विभिन्न निकायलाई दिन खोजेका थिए तर व्यापक विरोधका कारण ती प्रयासहरू सफल हुन सकेका थिएनन् । विशेषगरी, तत्कालीन एमाले-माओवादी मिलेर बनेको नेकपा सरकारका अध्यक्ष केपी शर्मा ओलीको नेतृत्वमा २०७६ सालमा राष्ट्रिय सभामा 'नेपाल विशेष सेवा विधेयक' दर्ता गरिएको थियो, जसमा राष्ट्रिय अनुसन्धान विभाग (राअवि) लाई कल इन्टरसेप्सनको अधिकार दिन खोजिएको थियो । सो विधेयक २०७७ सालमा राष्ट्रिय सभाबाट पारित भएर प्रतिनिधिसभा पठाइए पनि 'नागरिकको गोपनीयताको हक हनन हुन्छ' भन्दै व्यापक विरोध भएपछि यसलाई अघि बढाउन नसकिएको हो ।

त्यसपछि फेरि ओली नेतृत्वकै सरकारको पालामा २०८२ सालमा अझ शक्तिशाली र व्यापक संरचनासहितको 'राष्ट्रिय गुप्तचर तथा अनुसन्धानका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक' ल्याउन खोजियो, जसको मस्यौदामा अनुसन्धान महानिरीक्षकले एकल निर्णय गरेर पनि सन्दिग्ध व्यक्ति वा संस्थाको सबै प्रकारका सञ्चार, श्रव्यदृश्य र विद्युतीय संकेतहरू निगरानी, अनुगमन र इन्टरसेप्सन गर्न सक्ने व्यवस्था गरिएको थियो । उक्त मस्यौदामा अदालतको अनुमतिको कुनै प्रावधान नभएको र अनुसन्धान महानिरीक्षकलाई नै अन्तिम अधिकार दिइएको कारण त्यसले गुप्तचर निकायलाई अत्यधिक शक्तिशाली बनाउने भन्दै व्यापक आलोचना भएको थियो, जसपछि त्यो विधेयक पनि रोकिएको थियो ।

अहिले प्रहरीले फेरि सोही विषयलाई पुनर्जीवित गरेको देखिन्छ, तर यसपटक प्रहरीले आफूहरूले विशुद्ध अपराध अनुसन्धान प्रयोजनका लागि र अदालत वा स्वतन्त्र निकायको अनुमतिमामात्र यो अधिकार प्रयोग गर्न चाहेको बताएका छन् । प्रहरी प्रधान कार्यालयका एक उच्च अधिकारीले भनेजस्तै 'त्यो अदालत वा अरू कसैको अनुमतिमा गर्ने भन्न खोजिएको हो' भन्ने जवाफले केही हदसम्म आशंका कम गरे पनि नियन्त्रक र प्रयोगकर्ता दुवै प्रहरी नै हुने अवस्थामा अधिकारको दुरूपयोग कसरी रोकिन्छ भन्ने प्रश्न भने यथावत् छ ।

राजनीतिक दलहरूबीचको सत्ताको खिचातानी र गठबन्धनको अस्थिरताका कारण यो अधिकार यदि गठबन्धनको साझेदार कुनै दलका नेता वा उनीहरूको निकटस्थको नियन्त्रणमा पुग्यो भने त्यसको प्रयोग राजनीतिक विरोधीलाई दबाउन, पत्रकारको स्रोत पत्ता लगाउन वा आर्थिक प्रतिस्पर्धीलाई समाप्त पार्नसम्म प्रयोग हुन सक्छ, जसले प्रजातन्त्रको मर्ममाथि नै प्रश्न उठाउने छ । त्यसैले, अधिकारको संरचना यस्तो हुनुपर्छ जसले राजनीतिक तहभन्दा माथि उभिएर, न्यायिक नियन्त्रण र स्वतन्त्र नागरिकको निगरानीमा मात्र कार्य गर्न सकोस् ।

नेपालको संविधान, २०७२ को धारा २८ ले गोपनीयताको हकलाई मौलिक हकको रूपमा सुनिश्चित गरेको छ, जहाँ स्पष्ट उल्लेख छ- 'प्रत्येक नागरिकलाई आफ्नो गोपनीयतासम्बन्धी हक हुने छ । नागरिकको निवास, घर, सम्पत्ति, शारीरिक अखण्डता, पत्राचार, सञ्चार, वैयक्तिक इतिहास, विवरण, गोप्य अभिलेख र वैयक्तिक विवरणको गोपनीयता कानुनबमोजिम मात्र हनन गर्न सकिने छ ।'

यसको मतलब गोपनीयता हनन कानुनले मात्र गर्न सक्छ, तर त्यो कानुन पनि उचित कारण, न्यायिक नियन्त्रण र अनुपातिकताको सिद्धान्तमा आधारित हुनुपर्छ । यसैगरी, नेपालले मानवअधिकारको विश्वव्यापी घोषणापत्रको धारा १२ र नागरिक तथा राजनीतिक अधिकारको अन्तर्राष्ट्रिय सन्धि (आइसिसिपिआर) को धारा १७ मा हस्ताक्षर गरेको छ, जसले व्यक्तिगत गोपनीयतामा अनावश्यक हस्तक्षेप गर्न नपाउने स्पष्ट व्यवस्था गरेको छ ।

साइबर कानुनका विज्ञ एवं अधिवक्ता बाबुराम अर्यालको भनाइमा राज्यले चाहे टेलिफोन इन्टरसेप्ट गर्न सक्ने भए पनि त्यसका लागि कानुनमा प्रस्ट व्यवस्था गर्नुपर्छ र कुन अवस्थामा, कुन प्रयोजनका लागि, कति अवधिसम्म र कसको अनुमतिमा यो अधिकार प्रयोग गर्न सकिन्छ भन्ने खुलाउने व्यवस्था अनिवार्य छ, अन्यथा अधिकार दुरूपयोगको जोखिम अत्यधिक रहने उनको तर्क छ ।

यसैगरी, वरिष्ठ अधिवक्ता सतीशकृष्ण खरेलले भने यो अधिकार दिने हो भने दुईवटा अनिवार्य प्रावधान राख्न सकिने सुझाव दिएका छन्- पहिलो, इन्टरसेप्सन गर्नुअघि गैरप्रहरी, गैरसैनिक र गैर गुप्तचर क्षेत्रका स्वतन्त्र अधिकारीबाट अनुमति लिने व्यवस्था गर्न सकिन्छ वा अदालतको अनुमति अनिवार्य गर्न सकिन्छ । दोस्रो, त्यसरी इन्टरसेप्ट गरिएको विषय निश्चित समयपछि सार्वजनिक गर्ने प्रावधान राख्नुपर्छ ताकि गलत नियतले काम गरेका अधिकारीहरू एक्सपोज हुन सकून् र उनीहरूविरुद्ध कानुनी कारबाही अघि बढ्न सकोस् ।

खरेलको यो सुझावले अधिकारको प्रयोगमा जवाफदेहिता र पारदर्शिता दुवै सुनिश्चित हुने मार्ग देखाएको छ, जसले नागरिकको गोपनीयताको संरक्षण पनि गर्छ र अनुसन्धानको प्रभावकारिता पनि कायम राख्छ । यद्यपि, यी सबै प्रावधानहरू कानुनमा समेटिए पनि तिनीहरूको कार्यान्वयनको जिम्मा पुनः प्रहरी वा सरकारी निकायलाई नै दिइने हो भने त्यसले प्रभावकारी नियन्त्रण गर्न सक्दैन, जसका लागि छुट्टै संवैधानिक आयोग वा स्वतन्त्र न्यायिक समितिको स्थापना गर्नु बुद्धिमानी हुने अधिकांश विज्ञहरूको मत छ ।

यसको सबैभन्दा महत्त्वपूर्ण पक्ष भनेको अत्यन्तै शक्तिशाली निकायको निर्माण गर्दा त्यो निकाय कसरी राजनीतिक प्रभावबाट मुक्त हुन्छ, कसरी नातावाद र कृपावादको पात्र बन्दैन, र कसरी त्यसको प्रत्येक कार्यकलाप पारदर्शी र न्यायिक नियन्त्रणमा रहन्छ भन्ने हो । इतिहासले देखाएको छ कि जहाँ एउटै निकायलाई अत्यधिक शक्ति प्रदान गरिन्छ र त्यसको निगरानीका लागि छुट्टै स्वतन्त्र संरचना हुँदैन, त्यहाँ त्यस शक्तिको दुरूपयोग हुने सम्भावना अत्यधिक हुन्छ ।

त्यसैले, यदि प्रहरीलाई फोन टचापिङको अधिकार दिनैपर्ने हो भने पहिले त्यसको प्रयोग र नियन्त्रणका लागि एउटा सबल, स्वायत्त, राजनीतिक प्रभावरहित र संवैधानिक आधारमा गठित 'स्वतन्त्र निगरानी समिति' को स्थापना गर्नु अनिवार्य देखिन्छ । सो समितिमा पूर्वप्रधानन्यायाधीशको अध्यक्षता, राष्ट्रिय मानव अधिकार आयोग, नेपाल बार एसोसिएसन, प्रेस काउन्सिल, सूचना प्रविधि विशेषज्ञ, गोपनीयता अधिकारकर्मी तथा समाजका प्रतिष्ठित व्यक्तित्वहरूको सहभागिता रहेमा त्यसको निर्णय प्रक्रिया स्वच्छ र विश्वसनीय बन्ने देखिन्छ ।

सबैभन्दा महत्त्वपूर्ण कुरा, टचापिङको आधार, प्रयोजन, अवधि र नतिजाको विस्तृत अभिलेख राख्नुपर्छ र एक निश्चित अवधि (जस्तैः अनुसन्धान सकिएको एक वर्षपछि) सो अभिलेख सार्वजनिक गर्ने व्यवस्था गरिनुपर्छ, जसले गर्दा कुनै पनि अधिकारीले गलत नियतले टचापिङ गरेको पाइएमा त्यो उजागर हुन सकोस् र त्यस्ता अधिकारीविरुद्ध कानुनी कारबाही अघि बढ्न सकोस् । यसबाहेक, टचापिङ गर्ने प्रहरी अधिकारी स्वयं र उनको सहायक टोलीले पनि गोपनीयताको सम्मान गर्नुपर्ने र कुनै पनि अवस्थामा त्यसरी संकलन गरिएको सूचनालाई निजी, व्यावसायिक वा राजनीतिक लाभका लागि प्रयोग गर्न नपाउने स्पष्ट कानुनी व्यवस्था गर्नुपर्छ, अन्यथा त्यसरी गोपनीयता हनन गर्नेलाई कठोर आर्थिक जरिवाना र कैदको सजायको व्यवस्था हुनुपर्छ ।

फोन टचापिङको अधिकार आफैंमा नराम्रो होइन, बरु त्यसको प्रयोग कसरी, कसले, किन, कति समय र कसको नियन्त्रणमा गर्छ भन्नेमा सम्पूर्ण मुद्दा केन्द्रित छ । यदि प्रहरीको मागलाई संविधान, मानवअधिकार मापदण्ड, अन्तर्राष्ट्रिय अभ्यास र सुशासनका सिद्धान्तसँग अनुकूल बनाउन सकिन्छ भने यसले अपराध नियन्त्रणमा सकारात्मक भूमिका खेल्न सक्छ । तर यदि यसलाई हतार, गोप्यता र एकल अधिकारको आधारमा अघि बढाइन्छ भने यसले नागरिकको विश्वास गुमाउने, लोकतन्त्रलाई कमजोर बनाउने र राज्यको मनोमानी तानाशाही प्रवृत्तिलाई बढावा दिने खतरा छ ।




✍ बैकुण्ठ भण्डारी



# हेलिकप्टर सम्वाद !

बानेश्वरको छक्कुबक्कु छेउमा रहेको गोपाल दाइको चिया पसल बिहानदेखि नै भरिभराउ थियो । गोपाल दाइको पसलमा चिया अनि तात्तातो दुनोट खाने पारखीहरू झुरूपपै थिए । कोही चिया खाँदै थिए, कोही मोबाइलमा फेसबुक चलाउँदै थिए, कोही देश बनाउने जिम्मा सरकारलाई दिएर चुरोट सल्काउँदै थिए ।

मटचाङ्ग्रो पनि चिया दुनोटको पारखी खल्तीमा पैसा भएपछि गोपाल दाइको पसलमा पुगि हाल्छ । सोमबार बिहान पनि भैंडा भाको नोट बोकेर मटचाङ्ग्रो पसलभित्र छिऱ्यो । 'गोपाल दाइ ! एउटा चिनी कडा चिया बनाइहाल्नुस् त अनि तात्तातो दुनोट । आज देशकै हालत कडा छ !'

गोपाल दाइले चिया बसाउँदै भने, 'के भयो फेरि ? ग्यासको भाउ बढ्यो कि दुईतिहाइको सरकारमा पनि संकट आइलाग्यो ?' मटचांग्रोले कुर्सी तानेर बस्दै भन्यो, त्योभन्दा ठूलो कुरा भयो । मन्त्रीज्यूलाई चिसोले रुघा लागे छ ! हेलिकप्टरबाटै उद्धार गर्नु परेछ अनि !' बैरी पनि त्यहीं चिया खाँदै थियो । उसले चियाको कप मुडाको तल राख्यो । रुघा त मलाई पनि लागेको थियो । 'कसैले हेलिकप्टर पठाएन त !' मटचाङ्ग्रोलाई व्यंग्य गऱ्यो ।

गएको फागुन २१ गतेको चुनाउपछि बैरी र मटचाङ्ग्रो राम्रोसँग खुलेका छैनन् । अनि छेडछाड गर्न पनि छाडेका छैनन् । मटचाङ्ग्रोले यसो घुर्दै भन्यो, 'तँ मन्त्री होस् त पहिला !' गोपाल दाइ हाँसे । 'रुघा लाग्दा मन्त्रीलाई हेलिकप्टर, जनताको मुटु नै फुट्न लागे पनि स्ट्रेचर छैन । कति फरक छ है नेता र जनतामा ।'

मटचाङ्ग्रोले तुरुन्तै जवाफ दियो, 'हुन्छ नि गोपाल दाइ ! ठूलो फरक हुन्छ । सर्वसाधारणलाई रुघा लाग्यो भने सिटामोल खोज्छ । मन्त्रीलाई रुघा लाग्यो भने हेलिकप्टर खोजिन्छ । यही त हो हिजोको लोकतन्त्रदेखि जेन-जी विद्रोहले ल्याएको अहिलेको भोगतन्त्रसम्मको उपलब्धि !'

पसलमा सबै हाँसे ।

मटचाङ्ग्रो रोकिएन । 'हामी सानोमा गीत गाउँथ्यौं- 'गाउँमा कोही छैन...' भनेर । अहिले गाउँमा गएर हेरेको त मान्छे नै मान्छे ! बूढाबूढी, किसान, महिला, बालबालिका, युवा सबै छन् । गाउँमा नभएको त उपचार गर्न राम्रो अस्पताल र बच्चा पढाउन निजी स्कूल पो हो त !' बैरीले भन्यो, 'त्यसो भए गाउँमा मान्छे नभएको होइन रहेछ ?' 'किन नहुनु नि ! छन् नि । कहाँ छन् भन्ने कुरा पो हो त ! संघीयतामा मान्छे बस्ने भनेकै आफ्नो ठाउँमा त हो ।'

गोपाल दाइले चिया दिँदै सोधे, 'अनि मन्त्रीज्यू हेलिकप्टरमा चढेको कुरामा यत्रो हल्ला किन ?' मटचाङ्ग्रो देब्रे हातमा लिएको दुनोट टोकेर दाहिने हातको चियाको गिलासबाट चिया सुरूपप पियो । 'यही सामाजिक सञ्जालका झोलेहरू ! मन्त्री हेलिकप्टर चढेको पनि देख्न नसक्ने । अरे, युवा मन्त्री हुन् । त्यत्रो ठूलो रुघा लागेपछि हेलिकप्टर नचढेर स्ट्रेचर चढ्छन् त ?' बैरीले तुरुन्तै भन्यो, 'तर गाउँको सुत्केरी महिला उपचार नपाएर मर्नुपर्दा ?'

मटचांग्रो एकछिन चुप भयो ।

'भिरबाट खसेको मान्छेले अस्पताल पुग्न नसक्दा ? सिटामोल नपाएर बिरामीले दुःख पाउँदा ?'

मटचाङ्ग्रोले कप टेबलमा राख्यो ।

'गोपाल दाइ, यो बैरीले आज मेरो राजनीतिक दर्शन नै बिगार्ने भयो !' गोपाल दाइ हाँस्दै बोले, 'दर्शन होइन मटचाङ्ग्रो प्रश्न हो ।' मटचांग्रोले गम्भीर हुँदै भन्यो, 'ठीक छ । मन्त्रीलाई उपचार चाहिन्छ । हेलिकप्टर चाहिन्छ भने चढून् । तर जनतालाईचाहिँ उपचार नपुग्ने, अस्पताल नहुने, एम्बुलेन्स नपुग्ने अनि सरकारको हेलिकप्टरचाहिँ आकाशमा उड्ने । यो प्रश्नचाहिँ जनताले सोध्न पाउनुपर्दछ ।'

त्यत्तिकैमा मोबाइल चलाइरहेको एक युवकले भन्यो, 'मटचाङ्ग्रो दाइ, सामाजिक सञ्जालमा मन्त्रीको हेलिकप्टरको फोटो राखेर आलोचना गर्नेहरूलाई पनि गाली गरिएको छ नि ! हेर्नुहुन्छ ?' 'सरकारलाई प्रश्न गऱ्यो भने झोले, पत्रकारले प्रश्न गऱ्यो भने विरोधी, सामाजिक सञ्जालमा लेख्यो भने देशद्रोही ! अनि सरकारले जे गऱ्यो त्यही सही ?'

गोपाल दाइले मुस्कुराउँदै भने, 'त्यसो भए लोकतन्त्रमा जनताले के गर्ने ? जेन-जीको नाममा देश खरानी भएको एक वर्ष पुग्दै छ । दिन नजिकिँदै छ । तर त्यही बलमा बनेको सरकार मौन छ ।'

बैरीले औंला उठाउँदै भन्यो, 'प्रश्न गर्ने ! गुनासो गर्ने ! हिसाब माग्ने ! गाउँ जाने ! दुई-चार जनाको खुट्टा भाँच्न होइन, व्यवस्थाको खुट्टा कहाँ भाँचिएको छ भनेर हेर्ने !' बैरीले भन्यो, 'मन्त्री भइसकेपछि दुई-चार जनाको गालामा मालिस गऱ्यो, दुई-चार जनालाई हप्कायो, फोटो खिचायो अनि आफूलाई जनताको मसीहा सम्झिने होइन । गाउँमा गएर सुत्केरीले उपचार पाइन् कि पाइनन्, बच्चाले पढ्न पाए कि पाएनन्, किसानले मल पाए कि पाएनन् त्यो हेर्नुपर्छ ।'

गोपाल दाइले सोधे, 'तर जनताले पनि त चुनावमा सोचेर भोट हाल्नुपऱ्यो नि ?'

मटचाङ्ग्रोले पुर्पुरोमा हात राख्यो ।

'त्यही त सबैभन्दा ठूलो दुःख हो दाइ ! जनता चुपचाप डयामडयाम, सुझबुझ नगरी, मान्छे नै नचिनी हिजो घण्टीमा छाप हाने । अनि अहिले आएर सरकारले काम गरेन भनेर हुन्छ ?'

मटचाङ्ग्रो भन्यो, 'काम त भइरहेको छ नि ! चार महिनामा नै चार वर्षको काम हुन्छ त ? चित्त नबुझे बोट फिर्ता लैजानुस् भनेर गृहमन्त्रीले भनिसके त !'

गोपाल दाइले हाँस्दै भने, 'तर नेताहरूको हैसियत पनि त हुन्छ नि !'

मटचाङ्ग्रो फेरि जोसियो ।

'हैसियत हुनुपर्छ नि !'

उसले थप्यो, 'सयौं तोला सुन भएको युवा मन्त्री बनेपछि रुघा लाग्दा हेलिकप्टर चढ्ला । दिशा लाग्दा पनि हेलिकप्टर चढ्ला । रिस गरेर हुन्छ ?'

बैरीले सोध्यो, 'अनि गरिब जनता नि ? भोट बैंक बनेका सुकुमबासी, अनि अहिले ग्यासको लाइनमा रोएर बसेका नागरिकहरू नि ?'

मटचाङ्ग्रा अलि गम्भीर बन्यो । मलिन स्वरमा भन्यो, 'जसको जति भाग्य हुन्छ, त्यसले त्यति नै पाउने हो !' गोपाल दाइले भने, 'यो वाक्यचाहिँ अलि खतरनाक भयो ।' मटचाङ्ग्रोले हाँस्दै भन्यो, 'व्यंग्य हो दाइ ! यही त हाम्रो राज्यको वास्तविक व्यंग्य हो ।'

'कहिलेकाहीँ नचाहेर पनि समर्थन गर्नुपर्ने रैछ । कसैलाई रुघा लाग्दा हेलिकप्टर तयार हुन्छ, कसैलाई सुत्केरी व्यथा लाग्दा स्ट्रेचर खोज्दै गाउँ डुल्नुपर्छ । पदमा भएकालाई सामान्य चोट लाग्दा विशेषज्ञ विदेशी अस्पताल, जनतालाई गम्भीर चोट लाग्दा स्वास्थ्य चौकीमै भगवान् भरोसा !'

गोपाल दाइले चियाको गिलास अगाडि सार्दै भने, 'ल, अर्को चिया खा । आज त तेरो व्यंग्य अलि गम्भीर भयो । यो चियाचाहिँ मेरो तर्फबाट अनुदान !'

मटचाङ्ग्रोले चिया उठायो । 'गम्भीर नहुने हो भने हाम्रो व्यंग्य पनि हेलिकप्टरजस्तै हुन्छ, माथिबाट उड्छ, तलको दुःख देख्दैन ।'

मटचाङ्ग्रोले बैरीलाई भन्यो, 'तर मन्त्रीको हेलिकप्टरप्रति तेरो रिसचाहिँ अझै छ ।'

बैरीले हाँस्दै भन्यो, 'रिस छैन यार ! सके आफू पनि चढ्नु ! नसके घरभित्र मर्नु ! समस्या हेलिकप्टर चढ्नु होइन । समस्या के हो भने, कसैका लागि हेलिकप्टर तुरुन्तै आउँछ, कसैका लागि एम्बुलेन्स पनि आउँदैन भन्नेमात्र हो ।'

गोपाल दाइले टेबल ठटाउँदै भने, 'वाह ! यही हो कुरा !'

बैरीले उठ्दै भन्यो, 'अब म जान्छु । बबरमहलमा गएर लाइन बस्नु छ । आज ग्यास बाँड्ने रुटिन छ ।'

मटचाङ्ग्रोले सोध्यो, 'केमा जाने ?'

'बसमा,' बैरीले सहज उत्तर दियो ।

'हेलिकप्टरमा होइन ?,' मटचाङ्ग्रो हाँस्यो ।

बैरीले फेरि झट्का हान्यो, 'त्यो हेलिकप्टर तेरो मन्त्रीका लागि छोडिदे । हामी त जनता । ग्यासको लाइन, बसको लाइन, अस्पतालको लाइन, पासपोर्टमा लाइन, जहाँ लाइन हुन्छ, त्यहीँ हाम्रो लोकतन्त्र भेटिन्छ !'

गोपाल दाइ टेबुलको गिलास उठाउँदै बोले, 'जय होस् युवा पुस्ताको ! जय होस् युवा सरकारको ! अनि सबैभन्दा ठूलो जय होस् । चुपचाप ग्यासको लाइनमा बसेर पनि कर तिर्ने नेपाली जनताको !'



**नागको पूजा** | भक्तपुर नगरपालिका–१० की ९२ वर्षीया कृष्णलक्ष्मी अवाल नागपञ्चमीका अवसरमा सोमार सोही वडामा रहेको थालाछेँस्थित नागपोखरीमा नागको प्रतिमामा पूजा आराधना तथा दर्शन गर्दै । *तस्बिरः रासस*

# बागमतीमा मुख्यमन्त्री बानियाँको राजीनामा, नयाँ मुख्यमन्त्रीमा दाबी पेस गर्न आह्वान

■ प्रभाव संवाददाता

**मकवानपुर–** बागमती प्रदेश सरकारका मुख्यमन्त्री इन्द्रबहादुर बानियाँले आफ्नो पदबाट राजीनामा दिएका छन् । बागमती प्रदेशसभाको सोमबारको बैठकको सुरुमै उनले विकसित पछिल्लो राजनीतिक समीकरणअनुसार नयाँ सरकार गठनका लागि मार्गप्रसस्त गर्न राजीनामा दिएको जानकारी दिए ।

त्यस अवसरमा उनले प्रदेशको चालु खर्च घटाउन मन्त्रालय संख्या आठमा सीमित गरिएको, विपन्न परिवारका लागि आवास तथा क्षतिग्रस्त भौतिक संरचना पुनर्निर्माण गरिएको, यातायात क्षेत्रलाई प्रविधिमैत्री बनाइएकोलगायत आफ्नो कार्यकालमा भएका जनहितका कार्यको चर्चा गरेका थिए ।

### मुख्यमन्त्रीमा दाबी पेस गर्न आह्वान

बागमती प्रदेशका प्रदेश प्रमुख दीपकप्रसाद देवकोटाले बागमती प्रदेशमा मुख्यमन्त्री नियुक्तिका लागि यही भदौ ४ बिहीबार अपराह्न ४:०० बजेभित्र दाबी पेस गर्न आह्वान गरेका छन् ।

प्रदेश प्रमुख देवकोटाले सोमबार विज्ञप्ति जारी गर्दै नेपालको संविधानबमोजिम प्रदेशसभामा प्रतिनिधित्व गर्ने दुई वा दुईभन्दा बढी दलको समर्थनमा बहुमत प्राप्त गर्न सक्ने प्रदेशसभा सदस्यलाई मुख्यमन्त्री पदमा नियुक्तिका लागि दाबी पेस गर्न आह्वान गरेका हुन् ।

गत ६ साउनमा नेकपा एमालेले प्रदेश सरकारलाई दिएको समर्थन फिर्ता लिएपछि बानियाँ नेतृत्वको सरकार अल्पमतमा परेको थियो । प्रदेश प्रमुख देवकोटाले गर्नुभएको आह्वानअनुसार बहुमत जुटाउन सक्ने प्रदेशसभा सदस्यले दलहरूको समर्थनसहित मुख्यमन्त्री पदमा नियुक्तिका लागि दाबी पेस गर्नुपर्ने छ ।

# झापामा जापानिज इन्सेफ्लाइटिसको अध्ययन गर्न स्थलगत टोली परिचालन

**भद्रपुर (झापा)–** झापामा जापानिज इन्सेफ्लाइटिस (जेई) संक्रमण बढ्दै गएपछि जिल्लाको पछिल्लो अवस्था अध्ययन गर्न स्थलगत टोली परिचालन गरिएको छ । जिल्लामा पछिल्लो चार महिनामा १० जनामा संक्रमण पुष्टि भएको र संक्रमितमध्ये पाँच जनाको मृत्यु भएपछि संक्रमणको अवस्था, वातावरणीय जोखिम तथा समुदायको अवस्थाबारे अध्ययन गर्न टोली परिचालन गरिएको हो ।

जिल्ला स्वास्थ्य कार्यालय झापाका प्रमुख वृजकुमार दासका अनुसार स्थलगत अध्ययनका लागि परिचालन गरिएको टोलीमा विश्व स्वास्थ्य संगठनका प्रतिनिधिसहित स्वास्थ्य शाखा प्रमुख, जिल्ला निगरानी सम्पर्क व्यक्ति तथा खोपसम्बन्धी चिकित्सक सहभागी छन् । टोलीले जिल्लामा जेई संक्रमणको अवस्था र जोखिमका सम्भावित कारण पहिचान गरी आवश्यक रोकथाम तथा नियन्त्रणका उपाय अघि बढाउने तयारी गरिएको छ ।

स्वास्थ्य कार्यालयका प्रमुख दासका अनुसार जिल्लामा संक्रमित भएका सबै १० जनाले जेईविरुद्धको खोप लगाएका थिएनन् । खोप नलगाएका व्यक्तिमा संक्रमण पुष्टि हुनुका साथै मृत्युसमेत भएकाले जेई नियन्त्रणमा खोपको पहुँच विस्तारलाई प्राथमिकतामा राखिएको उनले बताए । ‘उपलब्ध तथ्यांकले खोप नलगाएका व्यक्तिमा संक्रमण तथा मृत्युको जोखिम देखाएको छ,’ दासले भने, ‘जेईबाट हुने संक्रमण र मृत्यु रोक्न खोपको पहुँच र प्रयोगलाई प्राथमिकतामा राख्नुपर्छ । खोपबाट छुटेका व्यक्तिलाई खोपको पहुँचमा ल्याउन आवश्यक छ ।’

जन्मेको १२ महिनाको उमेरमा जेईविरुद्धको एकमात्रा खोप दिने गरिएको भएता पनि जिल्लामा ४० वर्षमाथिका व्यक्तिमा जेई संक्रमण देखिएपछि पहिलो चरणमा ३० वर्षमाथिका खोप नलगाएका व्यक्तिलाई जेईविरुद्धको खोप दिने अभियान सञ्चालनको तयारीसमेत भइरहेको दासले बताए । स्थलगत अध्ययनबाट प्राप्त तथ्यका आधारमा खोप अभियान तथा अन्य रोकथामका उपायलाई थप प्रभावकारी बनाउने तयारी स्वास्थ्य कार्यालयको छ ।

स्वास्थ्य सेवा विभागअन्तर्गत परिवार कल्याण महाशाखाको बालस्वास्थ्य तथा खोप सेवा शाखाले सार्वजनिक गरेको पछिल्लो तथ्यांकअनुसार सन् २०२६ मा हालसम्म नेपालमा ५८ जनामा जापानिज इन्सेफ्लाइटिस पुष्टि भएको छ । संक्रमणका कारण १६ जनाको मृत्यु भइसकेको छ । लामखुट्टेको टोकाइबाट सर्ने जापानिज इन्सेफ्लाइटिसबाट बच्न वर्षायाममा घर वरपर पानी जम्न नदिन तथा आवश्यक सावधानी अपनाउन प्रमुख दासले सर्वसाधारणलाई आग्रह गरे । *रासस*

# ललितपुर महानगरमा चिकित्सक सहितको एम्बुलेन्स सेवा सुरू

**ललितपुर–** ललितपुर महानगरले सोमबारदेखि सूचना प्राप्त भएको १५ मिनेटभित्र घरमै पुगेर चिकित्सकसहितको एम्बुलेन्स सेवा प्रवाह गर्ने भएको छ । एम्बुलेन्समा अक्सिजन, एम्बुब्याग, आकस्मिक औषधिहरू, भेन्टिलेटरसहितको व्यवस्थापन गरिएको छ ।

यो सेवाका लागि महानगरले हाल पाँच एम्बुलेन्ससँगै चिकित्सक एवं स्वास्थ्यकर्मीसहित अत्यावश्यक मेडिसिन र उपकरणहरूको व्यवस्थापन गरेको छ । महानगरपालिकाका प्रमुख चिरीबाबु महर्जन भने, ‘प्रारम्भिक, आकस्मिक र अत्यावश्यक सेवाबाट बिरामीलाई लाभान्वित गराउँदै अस्पताल पुऱ्याउनेगरी कार्यसञ्चालन प्रणालीको सुरुआत गरेका छौं । सूचना पाएको १५ मिनेटभित्र टोली बिरामीकहाँ पुग्दछन् । सेवा प्रदान गर्दछन् । तत्काल अस्पताल लैजानु परेमा सहयोगसमेत गर्दछन् ।’

प्रमुख महर्जनले सिटिनेटको सदस्यका रूपमा भ्रमणमा जाँदा फिलिपिन्सको माकाटीमा यस्तो किसिमको सेवा प्रवाह गरेको र त्यहाँ सफल भएको देखेपछि यहाँ पनि लागू गर्न प्रयास गरेको जानकारी दिए । ‘कार्यविधि निर्माण गरेर यो सेवा सुरूआत गरेका छौं, पैसा भएर, जनशक्ति भएरमात्रै यो काम सम्भव भएको हैन, सिक्ने र व्यवहारमा उतार्ने प्रयासअन्तर्गत हामीले हरेक क्षेत्रमा नयाँ-नयाँ काम गरिरहेका छौं,’ महानगरप्रमुख महर्जनले भने ।

स्वास्थ्य तथा खाद्य स्वच्छतामन्त्री निशा मेहताले सो कार्यको सोमबार शुभारम्भ गर्दै स्वास्थ्य सेवामा ललितपुर महानगरको कार्य गौरवयोग्य रहेको बताएकी छन् । उनले स्वास्थ्य क्षेत्रमा संसारका केही देशलेमात्रै लागू गर्न सकेको सेवा ललितपुर महानगरले गर्न सक्नु अत्यन्तै खुसी र राष्ट्रिय गौरवको कुरा भएको बताएकी हुन् ।

‘स्वास्थ्य क्षेत्रमा ललितपुर महानगरको यो उदाहरणीय काम संसारमा केही देशलेमात्रै अवलम्बन गर्न सकेका छन्, यो सराहनीय नयाँ काम सुरु गरेकोमा बधाई भन्न चाहन्छु । नागरिकलाई कसरी सेवा दिन सकिन्छ भनेर सोच्दै गर्ने हरेक काममा सहजीकरण गर्नेछौं,’ मन्त्री मेहताले भनिन् । उनले एम्बुलेन्स सेवा केबल एउटा सामान्य सेवा हैन भन्दै त्यसमा पनि डाक्टर, मेडिकल उपकरणसहित सेवा दिनु अत्यन्तै महत्त्वपूर्ण र कठिन कार्य भएको धारणा राखिन् ।

प्रमुख प्रशासकीय अधिकृत रेखादास श्रेष्ठले ललितपुर महानगरपालिकाले सुरु गरेको यो स्वास्थ्यसम्बन्धी सेवा देशभरिकै स्थानीय सरकारमध्ये अनुकरणीय र नयाँ कार्य भएको बताए । पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठानका उपकुलपति डा. नवीसमानसिंह प्रधानले यो कार्य सुरु हुनु सकारात्मक अत्यन्तै सराहनीय भएको धारणा राख्दै भेन्टिलेटर र चिकित्सकसहितको एम्बुलेन्स नयाँ कामले अस्पतालपूर्वको निःशुल्क सेवाले महानगरवासीलाई लाभान्वित गराउने बताए । *रासस*

# कोशी सरकारमा थपिए मन्त्री

**विराटनगर (प्रस)–** कोशी प्रदेशका प्रदेश प्रमुख परशुराम खापुङले सोमबार प्रदेशका नवनियुक्त मन्त्रीहरूलाई पद तथा गोपनीयताको शपथ ग्रहण गराएका छन् ।

मुख्यमन्त्री हिक्मतकुमार कार्कीको नेतृत्वमा २०८१ वैशाख २७ गते गठित मन्त्रिपरिषद्मा नेपालको संविधानको धारा १६८ को उपधारा (९) बमोजिम नियुक्त, हेरफेर र कार्यविभाजन हुनेगरी आवश्यक व्यवस्थाका लागि भएको सिफारिसअनुसार मन्त्री र राज्यमन्त्री नियुक्त गरिएको हो ।

प्रदेश प्रमुख खापुङसमक्ष खिनु लङवा लिम्बूले पर्यटन, वन तथा वातावरण, जीवन आचार्यले भौतिक पूर्वाधार, गोम्बू शेर्पाले आन्तरिक मामिला तथा कानुन, गीता तिम्सिनाले सामाजिक तथा सपना दर्जीले भौतिक पूर्वाधार विकासमन्त्रीको शपथ लिएका हुन् । यस्तै सपना दर्जी परियारले मुख्यमन्त्री कार्कीबाट भौतिक पूर्वाधार विकास राज्यमन्त्रीको शपथ लिइन् ।


## बिमालेख हरायो

यहि मिति २०८३/०४/१५ गते तारकेश्वर न.पा. वडा नं. ११ मनमैजु बाट मेरो **हिमालयन लाइफ इन्स्योरेन्स लिमिटेड**को निम्न लिखित विवरण भएको बिमालेख हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा तलको ठेगानामा सूचना दिनुहुन अनुरोध गरिन्छ ।

**नाम : सुजन पनेरु**
Policy No: PLI1570002951
**ठेगाना : बिदुर न.पा. ४, नुवाकोट**
**सम्पर्क नं : ९८५१२२२५७१**



## साउदीमा रोजगार

कम्पनी : ASAS AL-WAJIHAT INDUSTRIAL COMPANY.

पूर्व स्वीकृति मिति : २०८३/०५/०१ | LT. No. 346645 | चलानी नं. ६०२५९७२६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Manufacturing Worker | 1 | 0 | 1800 | ७३,१६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ भदौ ९ गते (25th Aug. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदबारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सुचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Advance Recruitment Service Pvt. Ltd.**
श्रम ईजाजत नं. ४४४/०६०/०६१
Pinglasthan-9, Gaushala, Kathmandu, Nepal,Tel: +977 01-4586946/4592505, Prem Raj Lawati (9841414231)
Email: advnepal44@gmail.com, Web: www.advancerecruitment.com.np



## कुवेतमा रोजगार

कम्पनी : DIVA NATIONAL GYM WOMEN'S HEALTH INSTITUTE CO.

पूर्व स्वीकृति मिति : २०८२/०९/०७ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०५/०१ | LT. No. 335834 | चलानी नं. ६०२४९४३५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Driver Light | 3 | 0 | 150 | ७४,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Cleaners (Indoor) | 0 | 46 | 120 | ५९,१९० | | | | | | | |

कम्पनी : GLOBAL GIFTS GENERAL TRADING AND CONTRACTING COMPANY

पूर्व स्वीकृति मिति : २०८२/०९/२३ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०५/०१ | LT. No. 336730 | चलानी नं. ६०२५०२९०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Waiters | 6 | 0 | 150 | ७४,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Chef Assistant. | 6 | 0 | 150 | ७४,००० | | | | | | | |
| 3 | Cashier | 6 | 0 | 150 | ७४,००० | | | | | | | |
| 4 | Barista | 6 | 0 | 150 | ७४,००० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ भदौ ९ गते (25th Aug. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सुचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Omega International Pvt. Ltd.**
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337, E-mail : info@omeganepal.com, Website : www.omeganepal.com
Govt. License No. 1352/074/075



## साउदीमा रोजगार

कम्पनी : MENS TAILORING COMPANY

पूर्व स्वीकृति मिति : २०८३/०४/११ | LT. No. 345589 | चलानी नं. ६०२५९७३४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Men\'s Cloth Tailoring | 2 | 0 | 1200 | ४८,७७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : TAYYIBAT KHALUFAH MAINTENANCE & CLEANING EST.

पूर्व स्वीकृति मिति : २०८३/०४/२५ | LT. No. 346361 | चलानी नं. ६०२५९७३१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Office and Facility Cleaner | 8 | 0 | 1000 | ४०,६४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : AL JAZEERA SHADOW MOTORS COMPANY

पूर्व स्वीकृति मिति : २०८३/०४/१३ | LT. No. 345732 | चलानी नं. ६०२५९७३३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Office and Facility Cleaner | 2 | 0 | 1000 | ४०,६४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : COLD BEVERAGE ESTABLISHMENT

पूर्व स्वीकृति मिति : २०८३/०४/१४ | LT. No. 345782 | चलानी नं. ६०२५९७३२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Coffee Maker | 2 | 0 | 1200 | ४८,७७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ भदौ ९ गते (25th Aug. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सुचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ११९४/०७३/०७४
**POWER EMPLOYMENT PVT.LTD.**
Gausala-9, Kathmandu, Nepal, Tel.: 01-4583830, 4588308,
Padam Prasad Bhetwal 984-3210286, E-mail: poweremployment.np@gmail.com



## ग्लोबल आइएमई बैंक लिमिटेडको

### तपसिलमा उल्लिखित ऋणीहरुलाई ऋण कर्जा भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

**प्रकाशित मिति : २०८३/०५/०२ गतेको प्रभाव राष्ट्रिय दैनिक**

यस बैंकबाट तपसीलमा उल्लिखित ऋणीले उपभोग गर्नु भएको ऋण/कर्जा निज ऋणीले बैंकसँग गरेको सम्झौता तथा लिखत बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्ने सांवा, ब्याज, हर्जाना तथा अन्य दस्तुर आदि नतिरी नबुझाई बैंकसँग भएको ऋण कर्जा सम्बन्धी सम्झौताहरु उल्लंघन गर्नुभएकोले कर्जासँग सम्बन्धित सबैलाई कर्जा लगायत बैंकको सम्पूर्ण लेना रकम चुक्ता भुक्तानी गर्न पटक पटक लिखित तथा मौखिक तारताकेता गर्दा समेत बैंकको कर्जा चुक्ता भुक्तान गर्नेतर्फ कुनै चासो नदेखाई बेवास्ता गर्नुभएकोले तपसिलमा उल्लिखित ऋणी तथा व्यक्तिगत/संस्थागत/ धितो जमानतकर्ताहरुको नाममा कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको यो ३५ (पैंतिस) दिने सार्वजनिक सूचना प्रकाशन गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र यस बैंकमा सम्पर्क राखी कर्जाको सम्पूर्ण बाँकी साँवा, ब्याज, हर्जाना तथा अन्य दस्तुर आदि चुक्ता भुक्तान गर्नु होला । अन्यथा यस बैंकसँग भए गरेको सम्झौता तथा लिखत बमोजिम धितोमा रहेको चल अचल सम्पत्ति लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना/बाँकी बक्यौता रकम असुलउपर गरिनुका साथै नेपाल राष्ट्र बैंकको एकीकृत निर्देशन, परिपत्र, सूचना अनुसार सम्बन्धित पक्षहरुलाई कर्जा सूचना केन्द्रको कालोसूचीमा नाम समावेश गर्न सकिने व्यहोरा यसै सूचनाबाट जानकारी गराईन्छ । साथै सुरक्षण वापत रहेको धितोबाट समेत बैंकको सम्पूर्ण बाँकी बक्यौता लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सो को नियमावली, २०५९ तथा प्रचलित कानून अनुसार ऋणी तथा जमानतकर्ताहरुको अन्य चल अचल जायजेथा श्री सम्पत्तिबाट बाँकी लेना रकम असुलउपर गरिने व्यहोरा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा सूचित गरिन्छ ।

### तपसिल

**परासी शाखा, नवलपरासी**

| ऋणीको विवरण | व्यक्तिगत जमानत दिनेको विवरण | | |
|---|---|---|---|
| **प्रेम लाल उपा**<br>ना.प्र.नं. ३६३०६९/८०५<br>जारी मिति : २०६३/११/२०<br>जि.प्र.का. नवलपरासी<br>बाबुको नाम : रामचन्द्र उपाध्याय<br>बाजेको नाम : नेकराज उपाध्याय<br>स्थायी ठेगाना : रामग्राम -०७, नवलपरासी<br>हालको ठेगाना : रामग्राम न.पा -०७, नवलपरासी<br>**कर्जा शिर्षक : आवधिक कर्जा** | **श्रवण कुमार उपा**<br>ना.प्र.नं. ३६३०६९/८०६<br>जारी मिति : २०६३/११/२०<br>जि.प्र.का. नवलपरासी<br>बाबुको नाम : रामचन्द्र उपाध्याय<br>बाजेको नाम : नेकराज उपाध्याय<br>स्थायी ठेगाना : रामग्राम -०७, नवलपरासी<br>हालको ठेगाना : रामग्राम न.पा -०७, नवलपरासी | **रामचन्द्र उपाध्याय**<br>ना.प्र.नं. ३६३०६९/८०४<br>जारी मिति : २०६३/११/२०<br>जि.प्र.का. नवलपरासी<br>बाबुको नाम : नेकराज उपाध्याय<br>बाजेको नाम : हजारी उपाध्याय<br>स्थायी ठेगाना : रामग्राम -०७, नवलपरासी<br>हालको ठेगाना : रामग्राम न.पा -०७, नवलपरासी | **वृज भान उपाध्याय**<br>ना.प्र.नं. ३६-०१-७०-०८९७४<br>जारी मिति : २०७०/०३/२३<br>जि.प्र.का. नवलपरासी<br>बाबुको नाम : रामचन्द्र उपाध्याय<br>बाजेको नाम : नेकराज उपाध्याय<br>स्थायी ठेगाना : रामग्राम न.पा -०७, नवलपरासी |

**इनरुवा शाखा, सुनसरी**

| ऋणीको विवरण | व्यक्तिगत जमानत दिनेको विवरण | | |
|---|---|---|---|
| **नरेश मेहता**<br>ना.प्र.नं. ०६-०१-७१-०५०९१<br>जारी मिति : २०७१/०५/१८<br>जि.प्र.का. सुनसरी<br>बाबुको नाम : जित नारायण मेहता<br>बाजेको नाम : महादेव महतो<br>स्थायी ठेगाना : भोक्राहा -०३, सुनसरी<br>हालको ठेगाना : भोक्राहा गा.पा -०१, सुनसरी<br>**कर्जा शिर्षक : आवधिक कर्जा** | **राम कुमारी मेहता**<br>ना.प्र.नं. ३७९१७/३९९१७<br>जारी मिति : २०५३/०९/१५<br>जि.प्र.का. सुनसरी<br>बाबुको नाम : सत्य नारायण मेहता<br>पतिको नाम : जितनारायण मेहता<br>ससुराको नाम : महादेव महतो<br>स्थायी ठेगाना : भोक्राहा -०३, सुनसरी<br>हालको ठेगाना : भोक्राहा गा.पा -०१, सुनसरी | **सुरेश कुमार मेहता**<br>ना.प्र.नं. ०६-०१-७४-१०२९६<br>जारी मिति : २०७४/०७/२६<br>जि.प्र.का. सुनसरी<br>बाबुको नाम : जितनारायण महतो<br>बाजेको नाम : महादेव महतो<br>स्थायी ठेगाना : भोक्राहा गा.पा -०१, सुनसरी | **जितनारायण महतो**<br>ना.प्र.नं. ०६३०६५६/३२६५६<br>जारी मिति : २०५२/०५/१९<br>जि.प्र.का. सुनसरी<br>बाबुको नाम : महादेव महतो<br>बाजेको नाम : झिडली महतो<br>स्थायी ठेगाना : भोक्राहा -०३, सुनसरी<br>हालको ठेगाना : भोक्राहा गा.पा-०१, सुनसरी |

**टाँडी शाखा, चितवन**

| ऋणीको विवरण | व्यक्तिगत जमानत दिनेको विवरण | |
|---|---|---|
| **रुका कुमारी छत्कुली**<br>ना.प्र.नं. २३३४, जारी मिति : २०४४/११/१४, जि.प्र.का. चितवन<br>बाबुको नाम : दुर्गानन्द छत्कुली<br>पतिको नाम : जगदीश प्रसाद रेग्मी<br>ससुराको नाम : सद प्रसाद रेग्मी<br>स्थायी ठेगाना : भण्डारा -०८, चितवन<br>हालको ठेगाना : रत्ननगर न.पा.-१, चितवन<br>**कर्जा शिर्षक : आवधिक कर्जा** | **सुदिप रेग्मी**<br>ना.प्र.नं. ०३२८९९<br>जारी मिति : २०६३/०७/२८<br>जि.प्र.का. चितवन<br>बाबुको नाम : जगदीश प्रसाद रेग्मी<br>बाजेको नाम : सद प्रसाद रेग्मी<br>स्थायी ठेगाना : चैनपुर -०८, चितवन<br>हालको ठेगाना : रत्ननगर न.पा.-१, चितवन | **जगदीश प्रसाद रेग्मी**<br>ना.प्र.नं. ४/८५९<br>जारी मिति : २०४५/०१/०७<br>जि.प्र.का. चितवन<br>बाबुको नाम : सद प्रसाद रेग्मी<br>बाजेको नाम : जागेश्वर प्रसाद रेग्मी<br>स्थायी ठेगाना : चैनपुर -०८, चितवन<br>हालको ठेगाना : रत्ननगर न.पा.-१, चितवन |

**नोट : ऋणी तथा जमानतकर्ता बाहेकका सूचनामा उल्लिखित अन्य व्यक्तिहरुको नाम ऋणी तथा जमानतकर्ताको परिचय खुलाउने प्रयोजनका लागि मात्र प्रयोग गरिएको ।**

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक


कर्पोरेट कार्यालय: कमलादी, काठमाडौं
फोन नं.: ०१-५३२८६७१/५३२६३४७
ग्लोबल कनेक्ट: ०१-५९७०६००

प्रभाव दैनिक




## रहिनन् भारतीय अभिनेत्री अनन्या राज

भारतीय अभिनेत्री अनन्या राजको निधन भएको छ । २७ वर्षिया अनन्या सुतिरहेको अवस्थामा घरमै मृत भेटिएकी हुन् । '७ आवर्स टु गो', 'द फाइनल एक्जिट' र 'घोस्ट' जस्ता फिल्ममा अभिनय गरेर चर्चा कमाएकी अनन्याका परिवारले उनको मृत्युको जानकारी दिएको हो । उनको परिवारले अनन्याकै सामाजिक सञ्जालमा लेखेका छन्, 'अत्यन्तै दुःखका साथ हामी यो जानकारी गराउँदछौँ कि जुलाई १५ को बिहान अनन्याको निधन भयो । उनी निद्रामै हामीबाट बिदा भइन् । उनी विगत एक वर्षदेखि स्वास्थ्य समस्यासँग जुधिरहेकी थिइन् ।'



मंगलबार, ०२ भदौ २०८३ (Tuesday, 18 August 2026)

# 'साम्राज्य'मा सौगात र दयाहाङपछि नाजिरको इन्ट्री

■ प्रभाव संवाददाता

**काठमाडौं–** निर्देशक सौरभ चौधरीले नयाँ चलचित्र 'द राइज अफ साम्राज्य'मा भर्सटाइल अभिनेता नाजिर हुसेनलाई अनुबन्ध गराएका छन् । अभिनेता सौगात मल्ल र दयाहाङ राईपछि मुख्य भूमिकामा नाजिरले यो सिनेमामा प्रवेश गरेका हुन् । नाजिरसँग सौरभले यसअघि पनि सहकार्य गरिसकेका छन् । सौगातको 'अगस्त्य'मा नाजिरले काम गरेका थिए ।

'नाजिर आफैँमा भर्सटाइल अभिनेता हुन् । हामीले अब्बल कलाकार लिने क्रममा नाजिरसँग पनि यो चलचित्रमा सहकार्य गर्ने भएका छौँ,' निर्देशक सौरभ भन्छन्, 'सौगात र दयाहाङ जस्तै नाजिरलाई पनि यो चलचित्रमा एक मुख्य कलाकारका रूपमा देख्न सकिनेछ ।'

सौगात, दयाहाङ र नाजिरपछि यस्तै अब्बल कलाकार अझै पनि सिनेमामा जोडिनेक्रम जारी नै रहने सौरभले बताएका छन् । डार्क हर्स इन्टरटेन्मेन्टको ब्यानरमा निर्माण हुन लागेको यो चलचित्र मल्टिस्टार बन्ने यो लाइनअपल




देखाइरहेको छ । यो चलचित्रमा उपन्यासकार बुद्धिसागरले कथा र पटकथा लेखेका छन् । यो चलचित्र 'एपिक एक्सन ड्रामा' हुने निर्देशक चौधरीको भनाइ छ ।

सौरभ चौधरी यसपटक पहिलेको तुलनामा अझ ठूलो क्यानभासमा फिल्म बनाउने योजनामा छन् । यो नेपाली सिनेमाकै ठूलो स्केलको एक्सन चलचित्र हुने निर्माण पक्षको दाबी छ ।

चलचित्रको छायांकन आगामी भदौ पहिलो साताबाट सुरु हुनेछ । निर्माण टिमले ७० दिनको छायांकन तालिका तयार पारेको छ, जसको अधिकांश हिस्सा पूर्वी नेपालमा खिचिनेछ ।

यो चलचित्रको निर्मातामा प्रवेश चौधरी र निला देव रहेका छन् । को-प्रोडुसरमा विश्वास बस्नेत (बेन) र कार्यकारी निर्मातामा शंकर पाण्डे छन् ।

मानकृष्ण महर्जनको डीओपी रहने यो चलचित्रको एक्सन डिरेक्टरमा श्री श्रेष्ठ छन् । डिजिटल पार्टनरमा ओएसआर डिजिटल रहेको छ भने पब्लिसिटी पार्टनरमा टौवा स्टुडियो छ । यो चलचित्रको वितरकमा डिसीएन रहेको छ ।

# 'लिटल ग्ल्याम रनवे' विजेता बने वृषिका र सुहान

**काठमाडौं (प्रस)–** 'लिटल ग्ल्याम रनवे २०२६'का विभिन्न विधाका विजेताहरू घोषणा गरिएको छ ।

बालबालिकाको प्रतिभा, आत्मविश्वास, सिर्जनशीलता तथा मञ्च प्रस्तुतिलाई प्रोत्साहन गर्ने उद्देश्यले डिई इभेन्ट्सको आयोजनामा उक्त प्रतियोगिता सञ्चालन गरिएको थियो ।

प्रतियोगितामा वृषिका बस्नेत र सुहान श्रेष्ठले शीर्ष उपाधि हात पार्दा रोहिना भण्डारी र अयान्श चन्द्र अमात्यले 'फ्यान च्वाइस' अवार्ड जितेका छन् । त्यस्तै रोहिना भण्डारी र वृषिका बस्नेतले



'मोस्ट पपुलर'को उपाधि हात पारेका छन् । आयोजकको विशेष छनोटअन्तर्गत स्वर्णिमा बिष्टले 'अर्गनाइजर च्वाइस' अवार्ड प्राप्त गरेकी छन् ।

बालप्रतिभाहरूलाई आफ्नो क्षमता प्रदर्शन गर्ने तथा मनोरञ्जन क्षेत्रमा भविष्य निर्माणका लागि प्रेरणा दिने अवसर यस कार्यक्रमले प्रदान गरेको आयोजकको भनाइ छ । कार्यक्रमकी आयोजक अमिषा ओली रहेकी थिइन् भने विवश थापाले कार्यक्रम व्यवस्थापनको जिम्मेवारी सम्हालेका थिए । प्रतियोगिताको कोरियोग्राफी रोजिन शाक्यले गरेका थिए ।

## रंगशाला

# ब्याकयार्ड अल्ट्रामा अर्जुन र मञ्जु पहिलो

■ प्रभाव संवाददाता

**काठमाडौं–** अर्जुन कुलुङ राई र मन्जु सुनुवार ब्याकयार्ड अल्ट्रा- २०२६ मा पहिलो भएका छन् । अल्ट्रा ट्रेल्स नेपालको आयोजना भएको ट्रेलमा एक्सटेपबाट खेलेका अर्जुन पुरुष तथा महिलामा मन्जु पहिलो भएका हुन् ।

अर्जुनले ३३ लुप पूरा गरी शीर्ष स्थानमा रहँदै नयाँ कोर्स रेकर्ड पनि कायम गरे । यसअघि ३२ लुपको कोर्स रेकर्ड हेमन्त राणाको नाममा थियो । मन्जुले पनि कोर्स रेकर्ड कायम गर्ने क्रममा १४ लुप पूरा गरिन् । यसअघि १२ लुपको कोर्स रेकर्ड रहेको थियो । शीर्ष स्थानमा रहने दुवैले जनही ३० हजार नगद पुरस्कार हात पारे ।

दोश्रोदेखि दसौं स्थानमा रहनेलाई पनि नगद पुरस्कार



प्रदान गरिएको थियो । सहभागीले १ लुपमा ६.७ किलोमिटर दूरी १ घण्टाको समयमा तय गर्नु पर्ने थियो । त्यसो गर्न नसक्ने खेलाडी सीधै प्रतियोगिताबाट बाहिरिने नियम थियो । प्रतियोगिता निर्देशक दिवाकर बुढाले यस खालको प्रतियोगिताले नेपालको पर्यटन प्रवर्द्धनमा टेवा पुर्‍याउने विश्वास व्यक्त गरे ।

आयोजकका अनुसार प्रतियोगतामा नेपाल, फ्रान्स, अमेरिका, डेनमार्क, नर्वे, स्विट्जरल्यान्डलगायत राष्ट्रबाट ६५ प्रतिस्पर्धी सहभागी थिए । दौड चन्द्रागिरी नगरपालिकाको मत्छेगाउँबाट सुरु भइ विभिन्न भागको परिक्रमा गरी पुनः त्यही आएर टुंगिएको थियो । ब्याक यार्ड अल्ट्राको विश्व च्याम्पियनसिप सन् २०२६ को अक्टोबर १७ तारिख पोखरामा हुने आयोजकले जनाएको छ ।

# न्यु होराइजनलाई जापानिज एजुकेसन ग्रुप फुटसलको उपाधि

**काठमाडौं (प्रस)–** न्यु होराइजन माइग्रेसनल एन्ड एजुकेशन प्रा.ली.ले जापानिज एजुकेसन ग्रुप फुटसल प्रतियोगिताको उपाधि जितेको छ । काठमाडौंको बुढानिलकण्ठस्थित कुपन स्पोर्ट्स सेन्टरमा सम्पन्न फाइनलमा न्यु होराइजनले तिरूपाती एचआर सोलुसन प्रा.लि.लाई ६-० ले हरायो । न्यु होराइजनका लागि सुदीप लिम्बूले ह्याट्रिक गरे । त्यस्तै टीका मगर र अनमोल राईले एक-एक गोल थपे ।

युकिगुनी एजुकेशनल कन्सल्टेन्सी तेस्रो भयो । युकिगुनीले तेस्रो स्थानको प्लेअफमा लोमस अब्रोड स्टडी प्रा.लि.लाई ६-० ले हरायो ।

पहिलो सेमिफाइनलमा न्यु होराइजनले युकिगुनीलाई ६-३ ले पराजित गरेको थियो । दोस्रो सेमिफाइनलमा तिरूपातीले लोमसको चुनौती ४-२ ले पन्छायो । च्याम्पियन न्यु होराइजनका अनमोल राई उत्कृष्ट गोलकिपर तथा तिरूपातीका निखिल ढुंगाना उत्कृष्ट खेलाडी घोषित भए । विजेता न्यु होराइजनले एक लाख, उपविजेता तिरूपातीले ७५ हजार र तेस्रो भएको युकिगुनीले ५० हजार रूपैयाँसहित ट्रफी पाए ।

लिग कम नकआउट प्रणालीमा भएको प्रतियोगितामा १० टोली सहभागी थिए । जापानिज एजुकेशन ग्रुपका संयोजक रूपसिंह तामाङले आगामी दिनमा पनि खेलकुदसम्बन्धी प्रतियोगिता तथा प्रोत्साहन कार्यक्रमलाई निरन्तरता दिने बताए ।


## मलेसियामा रोजगार — कम्पनी : COSMO SECURITY SDN BHD

पूर्व स्वीकृति मिति : २०८३/०५/०१ | LT. No. 345984 | चलानी नं. ६०२५९६७८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 100 | 0 | 1700 | ६३,४८६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ भदौ ९ गते (25th Aug. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Global Sourcing Group Pvt.Ltd (Trans Asia Manpower Pvt.Ltd)**
Milijuli Marg, Maharajgunj/ Chakrapath-3, Kathmandu, Nepal
Tel : 01-4016163, 01-4016164, Email : info@gsgroup.com.np, www.gsgroup.com.np
Lic No. 1159/074/074

## मलेसियामा रोजगार — कम्पनी : LAGUNA REDANG ISLAND RESORT SDN BHD

पूर्व स्वीकृति मिति : २०८३/०४/२६ | LT. No. 346398 | चलानी नं. ६०२५९३०३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | (housekeeping) room attendant | 20 | 0 | 1700 | ६३,३७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ भदौ ९ गते (25th Aug. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**ICONIC HR CONSULTANT PVT LTD**
Ganesh Basti, Maharajgunj-4, Kathmandu, Nepal. Tel: +977- 014548588
Official Mobile no: 9816572430, Satish Bk 976-1702070, E-mail: ram@iconic-hr.com, www.iconic-hr.com
Govt. Licence No. 1760/081/082

## युएइमा रोजगार — कम्पनी : SELECTIVE MANPOWER SERVICES L.L.C.

पूर्व स्वीकृति मिति : २०८१/०८/२२ | पुन: विज्ञापन स्वीकृति मिति : २०८३/०५/०१ | LT. No. 316207 | चलानी नं. ६०२३०४४२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker (Manufacturing Of Furniture) | 84 | 0 | 1100 | ४५,६१२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ भदौ ९ गते (25th Aug. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**INTERPID RECRUITMENT SERVICES PVT. LTD**
Sinamangal-9, Kathmandu, Tel: + 977-1-4560530/4560531
Contact Person : 9851405196, 9802368141, Mail: info@interpidhr.com, Web: www.interpidhr.com
Permission No. 1676/080/081
INTREPID LEARN ADAPT EVOLVE

## मलेसियामा रोजगार — कम्पनी : HOCK BOON FARMING

पूर्व स्वीकृति मिति : २०८३/०१/२४ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०५/०१ | LT. No. 341674 | चलानी नं. ६०२५५०२२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Agriculture Labour | 18 | 0 | 1700 | ६३,९९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ भदौ ९ गते (25th Aug. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**SWIFT H.R. SOLUTION PVT. LTD.**
Samakhusi-26, Kathmandu, Nepal, Phone: +977-1-4952852, 4964820
Fax: 4352852, E-mail : swifthr12@gmail.com Website : swifthrsolution.com
श्रम इजाजत नं. ११९७/०७३/०७४

## युएइमा रोजगार — कम्पनी : ALIGN ON DEMAND LABORS SUPPLY SERVICES L.L.C

पूर्व स्वीकृति मिति : २०८३/०४/२६ | LT. No. 346372 | चलानी नं. ६०२५९७३०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner (Hotel) | 20 | 20 | 1000 | ४१,४६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Factory Helper | 40 | 0 | 1000 | ४१,४६५ | | | | | | | |
| 3 | Freight Handler | 40 | 0 | 1200 | ४९,७५५ | | | | | | | |
| 4 | Packers | 40 | 0 | 1000 | ४१,४६५ | | | | | | | |
| 5 | Porter | 40 | 0 | 1200 | ४९,७५५ | | | | | | | |
| 6 | Ticket Collector | 50 | 50 | 1500 | ६२,१९५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ भदौ ९ गते (25th Aug. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**JBR Associates Pvt. Ltd.**
Kalimatidol, Sinamangal, Ktm, Nepal, Phone No.: +977 1 4478614, 4478115,
E-mail : info@jbrassociate.com, Website: www.jbrassociate.com
श्रम इजाजत नं. ५१०/०६१/०६२

## कतार/मलेसियामा रोजगार — कम्पनी : UNIPLAST COMPANY

पूर्व स्वीकृति मिति : २०८३/०४/२६ | LT. No. 346392 | चलानी नं. ६०२५९७२७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Service Agent | 3 | 0 | 1200 | ४०,८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Assembler | 4 | 0 | 2500 | ४०,८९५९५ | | | | | | | |

कम्पनी : FIVE STAR RECYCLE SDN BHD

पूर्व स्वीकृति मिति : २०८२/१२/१८ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०५/०१ | LT. No. 340321 | चलानी नं. ६०२५३७४५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker/Factory Worker | 20 | 0 | 1700 | ६३,९९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : M & R MANUFACTURING SDN BHD

पूर्व स्वीकृति मिति : २०८३/०१/३१ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०५/०१ | LT. No. 342203 | चलानी नं. ६०२५५४२१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Operator Machine | 18 | 0 | 1700 | ६३,९९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ भदौ ९ गते (25th Aug. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**MINAWA RECRUITMENT H.R. PVT LTD**
Pingalasthan-09, Kathmandu (Nepal), T: 01-4591510, 01-4591511
E:-minawarecruitment@gmail.com I w:-www.minawarecruitment.com
Govt.Lic. No- 1168/073/074

## कतारमा रोजगार — कम्पनी : MADINA GROUP WLL

पूर्व स्वीकृति मिति : २०८३/०५/०१ | LT. No. 346629 | चलानी नं. ६०२५९६८१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Operation Technician | 80 | 20 | 3000 | १,२५,५७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ भदौ ९ गते (25th Aug. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Seagull International Global H.R. Consultants Pvt. Ltd.**
LIC No. 407/060/61
Sukedhara, Kathmandu, Nepal, Tel: 01-4375822/4375824, Mob: 9841781155, 9808818851, 9851015421, 9746458492,9761489786
9841781155, E-mail : cm.seagull55@gmail.com, Web: www.seagullnepal.com.np

## साउदीमा रोजगार — कम्पनी : AL YUSR INDUSTRIAL CONTRACTING COMPANY

पूर्व स्वीकृति मिति : २०८३/०१/३० | पुन: विज्ञापन स्वीकृति मिति : २०८३/०५/०१ | LT. No. 342017 | चलानी नं. ६०२५५३५७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loading & Unloading Workers | 20 | 0 | 1000 | ४०,६४६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : WINCLEX COMPANY

पूर्व स्वीकृति मिति : २०८३/०२/०७ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०५/०१ | LT. No. 342474 | चलानी नं.६०२५५७७०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | BUILDING CLEANING WORKER | 1 | 0 | 2200 | ८९,४२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ भदौ ९ गते (25th Aug. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**All Asia Overseas Pvt.Ltd**
Ratopul, Gaushala-7, Kathmandu, Nepal, Swostika Pariyar : 9706125170
Phone +977-01-4621975, 4621918 E-mail : info@allasiaoverseas.com
श्रम इजाजत नं. १३०५/०७४/०७५

## कतारमा रोजगार — कम्पनी : SUNLIGHT CLEANING & CONTRACTING W.L.L.

पूर्व स्वीकृति मिति : २०८३/०५/०१ | LT. No. 346682 | चलानी नं. ६०२५९७६७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | All Vehelicls Driver | 1 | 0 | 1700 | ७१,१६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Assistant Plumbers | 1 | 0 | 1200 | ५०,२३० | | | | | | | |
| 3 | Building Foreman | 1 | 0 | 2500 | १०४,६४५ | | | | | | | |
| 4 | Carpenter | 1 | 0 | 1200 | ५०,२३० | | | | | | | |
| 5 | General Plumber (Pipe Fitter) | 1 | 0 | 1200 | ५०,२३० | | | | | | | |
| 6 | Helper For Scaffolding | 1 | 0 | 1200 | ५०,२३० | | | | | | | |
| 7 | Sandblasters | 1 | 0 | 1200 | ५०,२३० | | | | | | | |
| 8 | Stone Mason | 1 | 0 | 1200 | ५०,२३० | | | | | | | |
| 9 | Stone Mason Assistant | 1 | 0 | 1200 | ५०,२३० | | | | | | | |
| 10 | Tile Setter | 1 | 0 | 1200 | ५०,२३० | | | | | | | |

कम्पनी : SUN FLAG CONTRACTING CLEANING AND SERVICES

पूर्व स्वीकृति मिति : २०८३/०५/०१ | LT. No. 346681 | चलानी नं. ६०२५९७६६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Carpenter | 2 | 0 | 1200 | ५०,२३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Building Foreman | 8 | 0 | 2500 | १०४,६४५ | | | | | | | |
| 3 | Car Driver (Light) | 1 | 0 | 1700 | ७१,२०० | | | | | | | |
| 4 | Cleaner / Public Building | 1 | 2 | 1200 | ५०,२३० | | | | | | | |
| 5 | Concrete Carpenter | 1 | 0 | 1200 | ५०,२३० | | | | | | | |
| 6 | Dry Clean Worker | 3 | 0 | 1200 | ५०,२३० | | | | | | | |
| 7 | Plasterer Mason | 1 | 0 | 1200 | ५०,२३० | | | | | | | |
| 8 | Road Const. Labor | 2 | 0 | 1200 | ५०,२३० | | | | | | | |
| 9 | Stone Mason | 3 | 0 | 1200 | ५०,२३० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ भदौ ९ गते (25th Aug. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Sunlight Recruitment Service Pvt.Ltd.**
Shantinagar, Kathmandu, Nepal Tel.01-4620777, E-mail: info@sunlightrecruitment.com.np,
sunlightrecruitmentservice@gmail.com, Website : www.sunlightrecruitment.com.np

# चीनमा विस्तार हुँदै एआई उद्योग

**बेइजिङ–** चीनले स्थानीय आवश्यकता र स्रोतसाधनअनुसार कृत्रिम बौद्धिकता (एआई) उद्योगको विकास गर्दै राष्ट्रियस्तरमा एआई पूर्वाधार विस्तारलाई तीव्रता दिएको छ । ३१ प्रान्तीयस्तरीय क्षेत्रबाट प्राप्त पछिल्लो आर्थिक तथ्यांकले चीनमा एआई उद्योग क्षेत्रगत र भौगोलिक विशेषताअनुसार विकास भइरहेको देखाएको छ । एआईसँग सम्बन्धित उत्पादन तथा सेवाको मागसमेत बढ्दै गएको छ ।

चीनको राष्ट्रिय विकास तथा सुधार आयोगअन्तर्गतको स्टेट इन्फर्मेसन सेन्टरका अनुसन्धानकर्ता सियाओ होङवेईले एकीकृत सर्किट र औद्योगिक रोबोटजस्ता उदीयमान उद्योगमा एआईको प्रभाव बढ्दै गएको बताए । 'चीनमा एआई प्राविधिक अवधारणाबाट वास्तविक उत्पादकत्व वृद्धिको माध्यममा रूपान्तरण हुने प्रक्रिया तीव्र भइरहेको छ,' उनले भने ।



## एआईका प्रमुख केन्द्र

यस वर्ष जुनको अन्त्यसम्म चीनको बुद्धिमान कम्प्युटिङ क्षमता वार्षिक १७७ प्रतिशतले बढेर दुई हजार १८५ 'इफलोप्स' पुगेको उद्योग तथा सूचना प्रविधि मन्त्रालयले जनाएको छ । देशभरका कम्प्युटिङ सुविधाको औसत उपयोग दर ७१.४ प्रतिशत रहेको छ ।

'इफलोप्स' कम्प्युटिङ क्षमताको मापन गर्ने एकाइ हो । एक इफलोप्स बराबर प्रतिसेकेण्ड एक क्विन्टिलियन फ्लोटिङ-पोइन्ट गणना हो । सियाओका अनुसार बेइजिङ, सांघाई र ग्वाङडोङले प्रविधि, जनशक्ति तथा औद्योगिक पूर्वाधारका कारण एआई उद्योगको विकासमा अग्रणी भूमिका निर्वाह गरिरहेका छन् । यी क्षेत्रले एकीकृत सर्किट, औद्योगिक रोबोटलगायत क्षेत्रमा एआईको पूर्ण औद्योगिक शृंखला विकास गरिरहेका छन् ।

सन् २०२६-०३० को पञ्चवर्षीय योजनाका लागि यी तीनै क्षेत्रले विश्वव्यापी एआई प्रतिस्पर्धात्मक क्षमता बढाउने लक्ष्य राखेका छन् । बेइजिङले आफूलाई विश्वव्यापी एआई नवप्रवर्तन केन्द्रका रूपमा विकास गर्ने प्रयास गरिरहेको छ । नगरको साइबरस्पेस प्रशासनका अनुसार जुलाई २३ सम्म २५९ वटा लार्ज मोडल र १९५ वटा एआई उत्पादन दर्ता भएका छन् ।

सांघाईमा जुनको अन्त्यसम्म १६९ वटा एआई लार्ज मोडल दर्ता तथा स्वीकृत भएका थिए । सहरका ३९४ ठूला एआई उद्यमले सन् २०२५ मा ६३७ अर्ब युआन (करिब ९३ अर्ब ८५ करोड अमेरिकी डलर) भन्दा बढीको औद्योगिक उत्पादन गरेका थिए । दक्षिणी ग्वाङडोङ प्रान्तमा पनि मुख्य एआई उद्योगको आकार गत वर्ष ३०० अर्ब युआनभन्दा बढी पुगेको थियो ।

## क्षेत्रगत विशेषतामा जोड

चीनका अन्य क्षेत्रले पनि आफ्ना विशिष्ट स्रोतसाधन र औद्योगिक क्षमताका आधारमा एआई विकासका फरक क्षेत्र पहिचान गरेका छन् । पूर्वी आन्हुई प्रान्तले एआई चिप उद्योगको विकासलाई तीव्रता दिएको छ । प्रान्तको पहिलो १२ इन्च वेफर फाउण्ड्री नेक्सचिप जुलाईमा हङकङ स्टक एक्सचेञ्जमा सूचीकृत भएको थियो । ३५.५ अर्ब युआन लगानी रहेको यसको चौथो चरणको परियोजनाले यस वर्षको चौथो त्रैमासिकमा उत्पादन सुरु गर्ने योजना बनाएको छ ।

आन्हुईको राजधानी हेफेईस्थित मेमोरी चिप निर्माता चाङसिन मेमोरी टेक्नोलोजिज पनि जुलाईको अन्त्यमा ए-सेयर बजारमा सूचीकृत भएको थियो । मध्य चीनको हुबेई प्रान्तले अप्टोइलेक्ट्रोनिक्स उद्योगमा आफ्नो क्षमताको उपयोग गर्दै अप्टिकल सञ्चार, चिप, डिस्प्ले, टर्मिनल र नेटवर्कसम्बन्धी औद्योगिक शृंखला विकास गरेको छ । प्रान्तीय राजधानी वुहानलाई 'अप्टिक्स भ्याली अफ चाइना' को प्रमुख केन्द्रका रूपमा विकास गरिएको छ ।

त्यस्तै, हेनान प्रान्तले आफ्नो यातायात केन्द्रको पहिचानलाई कम्प्युटिङ क्षमताको केन्द्रका रूपमा विस्तार गरिरहेको छ । अप्रिलमा राजधानी झेङझाउस्थित राष्ट्रिय सुपरकम्प्युटिङ नेटवर्कको मुख्य केन्द्रमा ठूलो वैज्ञानिक बुद्धिमान कम्प्युटिङ क्लस्टर सञ्चालनमा ल्याइएको थियो ।

सिन्जियाङ, भित्री मंगोलिया र गुइझोउले भने प्रशस्त स्वच्छ ऊर्जा स्रोतको उपयोग गर्दै बुद्धिमान कम्प्युटिङ केन्द्र स्थापना तथा विस्तार गरिरहेका छन् ।

## पहाडी क्षेत्रमा एआई केन्द्र

हुबेईको लिचुआन सहरस्थित वुलिङ पहाडको फेदीमा रहेको लिचुआन एआई कम्प्युटिङ सेन्टरले स्थानीय प्राकृतिक स्रोत र हावापानीलाई एआई पूर्वाधार विकासमा उपयोग गरेको छ ।

शीतल हावापानी र पर्याप्त जलविद्युत् उपलब्धताका कारण लिचुआन कम लागतमा कम्प्युटिङ केन्द्र सञ्चालनका लागि उपयुक्त मानिएको छ । केन्द्रमा करिब दुई मिटर अग्ला सर्भर क्याबिनेटहरू जडान गरिएका छन् र यसले करिब १५० 'पेटाफ्लप्स' कम्प्युटिङ क्षमता प्रदान गर्छ । यसको उपयोग दर ८० प्रतिशतभन्दा बढी रहेको छ ।

पेटाफ्लप्स एआई तथा तथ्यांकमा आधारित कार्यको कम्प्युटिङ गति मापन गर्ने एकाइ हो । एक पेटाफ्लप्स बराबर प्रतिसेकेण्ड एक क्वाड्रिलियन गणना हो । केन्द्रले हाल संस्कृति तथा पर्यटन, सरकारी सेवा र एयरोस्पेससम्बन्धी क्षेत्रमा सेवा दिइरहेको छ ।

लिचुआनको लियाङवु टाउनसिपमा जियोभिस रेउइन टेक्नोलोजी कम्पनीले उपग्रहको संकेत प्राप्त गर्ने केन्द्र पनि स्थापना गरेको छ । उक्त केन्द्रले उपग्रहबाट प्राप्त तथ्यांक प्रशोधनका क्रममा नजिकैको एआई कम्प्युटिङ केन्द्रको क्षमता प्रयोग गर्न सक्छ । कम्पनीका सञ्चालन महाप्रबन्धक गाओ कुईका अनुसार पहाडी भूगोल, स्वच्छ विद्युत्-चुम्बकीय वातावरण, स्थिर हावापानी र कम्प्युटिङ केन्द्रको निकटताले उपग्रह केन्द्रको सञ्चालनलाई सहज तथा लागत प्रभावकारी बनाएको छ ।

एआई कम्प्युटिङ क्षमताले स्थानीय उद्योगलाई समेत सहयोग पुऱ्याएको छ । लिचुआनमा हरेक वर्ष दुई करोडभन्दा बढी पर्यटक पुग्ने भएकाले उनीहरूको आवागमन, खानपान, बसोबास, किनमेल तथा मनोरञ्जनबाट ठूलो परिमाणमा तथ्यांक उत्पादन हुन्छ । यही तथ्यांकको उपयोग गरी संस्कृति तथा पर्यटन सेवाका लागि स्वदेशी लार्ज मोडल विकास गरिएको छ । यसबाट एआईमा आधारित स्मार्ट गाइड तथा अन्य पर्यटन सेवा सञ्चालन गर्न सहयोग पुगेको छ ।

उद्योग तथा सूचना प्रविधि मन्त्रालयले उच्च गुणस्तरको कम्प्युटिङ पूर्वाधार विकासलाई निरन्तरता दिँदै हब, क्षेत्रीय तथा एज कम्प्युटिङ सुविधाको समन्वयात्मक विस्तारलाई अघि बढाएको छ । मन्त्रालयले देशभरको कम्प्युटिङ क्षमताको अनुगमनका लागि राष्ट्रिय एकीकृत स्वचालित अनुगमन प्रणाली स्थापना गर्ने कामसमेत अघि बढाएको छ । *रासस/सिन्ह्वा*

# अशोकधाममा भागदौड, सात भक्तजनको मृत्यु

**लखीसराय (बिहार)–** बिहारको लखीसराय जिल्लास्थित अशोकधाम मन्दिर नजिक सोमबार बिहान भागदौड हुँदा सात भक्तजनको मृत्यु भएको छ भने अन्य केही घाइते भएका छन् ।

जिल्ला प्रशासनका अनुसार रेलवे हाल्ट नजिक बिजुलीको पोल ढलेपछि त्यसबाट विद्युत् प्रवाह भइरहेको तार खसेको हल्ला फैलिएसँगै भीडमा त्रास उत्पन्न हुँदा भागदौड भएको हो । मृतकमध्ये सबै महिला रहेको लखीसरायका जिल्ला मजिस्ट्रेट शैलेन्द्रकुमारले बताए ।

मजिस्ट्रेट कुमारका अनुसार भक्तजनको लाम अशोकधाम हाल्टसम्म पुगेको थियो र त्यहाँ दुईवटा रेल रोकिएका थिए । अचानक पुरुषतर्फको लामनजिक बिजुलीको पोल ढलेपछि त्यसमा रहेको केबल तार खसेको थियो । तारमा विद्युत् प्रवाह भइरहेको हल्ला फैलिएपछि महिलातर्फको लाममा चाप बढ्दा केही भक्तजन एकअर्कामाथि लडेका थिए ।

'घटना करिब दुई मिनेटको अवधिमा अचानक भएको हो,' कुमारले भने । उनका अनुसार प्रहरी तथा प्रशासन बिहान ३ बजेदेखि नै घटनास्थलमा खटिएका थिए ।

लखीसरायका एसडिपिओ शिवम कुमारले सात जनाको मृत्यु भएको पुष्टि गर्दै पोल ढलेपछि करेन्ट लागेको प्रारम्भिक जानकारी आए पनि घटनाको वास्तविक कारणबारे अनुसन्धान भइरहेको बताए ।

बिहारका मन्त्री विजयकुमार सिन्हाले घटनाप्रति दुःख व्यक्त गर्दै विद्युत् प्रवाह भइरहेको तार खसेको हल्लाका कारण भागदौड भएको बताए । उनले गलत हल्ला फैलाउने व्यक्तिको पहिचान गरी कारबाही गरिने जानकारी दिए । 'तार खसेपछि करेन्ट फैलिएको हल्ला फैलियो र त्यसले भागदौडको स्थिति निम्त्यायो,' उनले भने ।

केन्द्रीय मन्त्री राजीव रञ्जन (लालन) सिंहले पनि घटनाप्रति दुःख व्यक्त गर्दै मृतकका परिवारप्रति समवेदना प्रकट गरे । उनका अनुसार साउनको तेस्रो सोमबारका अवसरमा अशोकधाममा ठूलो संख्यामा भक्तजन जम्मा भएका थिए ।

घाइतेहरूलाई तत्काल लखीसराय सदर अस्पताल तथा नजिकका स्वास्थ्य केन्द्रमा लगिएको थियो । घटनास्थलमा प्रहरी, जिल्ला प्रशासन र आपत्कालीन सेवाका टोली परिचालन गरिएको थियो ।

यसैबीच, बिहार सरकारले मृतकका परिवारलाई जनही चार लाख भारतीय रूपैयाँ राहत उपलब्ध गराउने घोषणा गरेको छ । मुख्यमन्त्री सम्राट चौधरीले सामाजिक सञ्जाल 'एक्स' मार्फत सरकार पीडित परिवारको साथमा रहेको बताएका छन् । *रासस/एएनआई*

# समुद्रले निल्दै नाइजेरियाली बस्ती

**आयटोरो (नाइजेरिया)–** दक्षिणी नाइजेरियाको आयटोरोमा समुद्रको सतह बढ्दै गएपछि तटीय बस्तीको अस्तित्व नै संकटमा परेको छ । हरेक वर्ष समुद्रतट साँघुरिँदै गएको छ भने समुद्रले बगाएका घरका भग्नावशेष अहिले बाँकी रहेको जमिनमा छरिएका छन् । घर गुमाएका परिवारहरू भित्री भूभागमा पुनर्निर्माण गरेर बस्न थाले पनि केही समयमै समुद्रले फेरि उनीहरूको बस्तीलाई चपेटामा पार्ने गरेको छ ।

डुंगाबाट मात्र पुग्न सकिने बालुवाको साँघुरो भूभागमा हिँड्दै ३५ वर्षीय थोम्पसन अकिङबोयले भने, 'हामी मानिसहरूका घरमाथि हिँडिरहेका छौं ।' करिब १० हजार मानिसको बसोबास रहेको आयटोरो सन् १९४७ मा सामुदायिक स्वामित्वमा आधारित समाज निर्माण गर्न चाहने कम्युनिस्ट विचारबाट प्रभावित इसाईहरूको समूहले स्थापना गरेको थियो ।

तर सन् २००० को दशकदेखि बस्तीमा तटीय क्षरण तीव्र हुँदै गएको छ । इलाजे जिल्लाका अन्य १९ समुदाय पनि यसबाट प्रभावित छन् । नगर योजना विशेषज्ञ बार्नाबास ओगिरिमा जेम्सको अध्ययनअनुसार सन् १९८७ देखि २०२२ सम्म आयटोरोको तटरेखा हरेक वर्ष औसत १५ मिटर पछाडि सरेको छ ।

सन् २०२४ मा प्रकाशित 'साइन्टिफिक रिपोर्ट' को अध्ययनले पश्चिम अफ्रिकाको गिनीको खाडीमा समुद्री सतह हरेक वर्ष करिब ३.९ मिलिमिटरले बढिरहेको र यो विश्वव्यापी औसतभन्दा १०.५ प्रतिशत बढी रहेको जनाएको थियो । आयटोरोका परम्परागत राजा ओलुवाम्बे ओजाग्बोहुन्मीले १४ वर्षअघि खिचिएको तस्बिर देखाउँदै भने, 'त्यतिबेला यहाँ भवनहरू थिए । अहिले तीमध्ये कुनै पनि बाँकी छैनन् ।' उनका अनुसार दरबारमा पहिले करिब १०० कोठा थिए, अहिले करिब एक दर्जनमात्र बाँकी छन् । समुद्र नजिकिएको उनको शयनकक्षमा राति छाल पर्खालमा ठोक्किएको आवाज सुनिन्छ ।

'यो हाम्रो भूमि हो । हामी कहाँ जाने ? यो निकै जटिल अवस्था हो,' उनले भने ।

अप्रिलमा आएको आँधीका कारण समुद्रको सतह बढ्दा दरबारका बासिन्दा एक सातासम्म घरभित्रै थुनिएका थिए । राजाका व्यक्तिगत सहायक तथा माछा मार्ने अकिङबोयका अनुसार सन् २०१९ मा समुद्रले उनका बुबाको घर बगाएपछि आफूले जोगाउन सकेको एउटै वस्तु विश्वविद्यालयको प्रमाणपत्र थियो । केही परिवार तीन पटकभन्दा बढी स्थानान्तरण भइसकेका छन् ।

लागोस विश्वविद्यालयका ल्याण्डस्केप आर्किटेक्चर अनुसन्धानकर्ता ओलुवासेगुन बाबातुण्डे एसानका अनुसार तीव्र सहरीकरणसँगै बाढीका मैदान, दलदल र तटीय क्षेत्रसमेत मानव बसोबास तथा औद्योगिक गतिविधिका लागि प्रयोग भइरहेकाले समस्या थपिएको हो । उनले तटीय क्षेत्रमा कडा नियमनसँगै म्यानग्रोभ र नरिवलका रूख रोपेर प्राकृतिक अवरोध विकास गर्न सुझाव दिए ।

समुद्री पानीको अतिक्रमणले आयटोरोको स्वास्थ्य र शिक्षामासमेत असर पारेको छ । बस्तीको एकमात्र स्वास्थ्य केन्द्र पानीको चपेटामा परेको छ । स्वास्थ्यकर्मी ओमोमी ओलुवासेनले पानी कहिलेकाहीँ झ्यालसम्म पुग्ने गरेको बताए । समुद्री पानीका कारण खानेपानी प्रदूषित हुँदा टाइफाइड र झाडापखालाजस्ता पानीजन्य रोगको जोखिम बढेको उनले बताए ।

४५ वर्षीय शिक्षक सण्डे अकिञ्जोयका अनुसार विद्यालयहरू पनि घरहरूजस्तै पटक-पटक स्थानान्तरण गर्नुपरेको छ । 'यसले बालबालिकामा मनोवैज्ञानिक असर पारेको छ । उनीहरूको पढाइमा ध्यान केन्द्रित गर्ने क्षमता निकै घटेको छ,' उनले भने ।

जलवायु परिवर्तनसँगै समुद्री सतह बढ्दै जाँदा आयटोरोजस्ता नाइजेरियाली तटीय बस्तीमा घर, स्वास्थ्य, शिक्षा र जीविकोपार्जनको संकट झन् गहिरिँदै गएको छ । *रासस/एएफपी*


## साउदीमा रोजगार
कम्पनी : MORONA TRANSPORT COMPANY
पूर्व स्वीकृति मिति : २०८३/०५/०१ | LT. No. 346617 | चलानी नं. ६०२५९६८३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Trucks Driver | 13 | 0 | 1800 | ७३,१६३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ भदौ ९ गते (25th Aug. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

LIC No. 842/066/067
K.P. INTERNATIONAL OVERSEAS PVT. LTD.
Sinamangal-9, kathmandu, Nepal, Tel: +977 1 5920922/ 9813333504 (Whatsapp)
E-mail : kpintloverseas@gmail.com, info@kpintloverseas.com.np, Web: www.kpintloverseas.com.np

## कतारमा रोजगार
कम्पनी : JAMILATY SALON
पूर्व स्वीकृति मिति : २०८३/०५/०१ | LT. No. 346621 | चलानी नं. ६०२५९७१६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Beautician/hair Dresser | 0 | 2 | 1700 | ७१,२०७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ भदौ ९ गते (25th Aug. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

ALI OVERSEAS PVT. LTD.
Samakhusi-3, Ranibari, Kathmandu, Nepal Phone : +977-1-4960155, 4960188, Gulab Chaudhary 9765979274
E-mail : recruitment.alioverseas@gmail.com, info@alioverseas.com.np, Website : www.alioverseas.com.np
Govt. License 722/064/065

## युएइमा रोजगार
कम्पनी : MINASAT AL IBDAA PLASTER & TILES CONT L.L.C.SP
पूर्व स्वीकृति मिति : २०८३/०५/०१ | LT. No. 346671 | चलानी नं. ६०२५९७०८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Construction Labour | 30 | 0 | 1000 | ४१,४६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ भदौ ९ गते (25th Aug. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

Dulsco Human Resources Pvt. Ltd.
Dhumbarahi-4, Nepal. Tel: +977- 014547688, Gopal Thapa Magar +977 980-3061585
Email: dulscohr500@gmail.com, info@dulscohr.com.np, Web: www.dulscohr.com.np
श्रम ईजाजत नं. ५००/०६१/०६२

## कतारमा रोजगार
कम्पनी : AL WALEED FOR SERVICES & TRADING
पूर्व स्वीकृति मिति : २०८२/०४/२५ | LT. No. 346348 | चलानी नं. ६०२५९६१६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Cleaner | 2 | 0 | 1300 | ५४,४१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ भदौ ९ गते (25th Aug. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

Max Employment Center Pvt. Ltd.
Bijay Chowk-9 Kathmandu , Nepal
Mobile No. Santosh (9813663119), Nanu (9700810329), Resham (9851408480)
Email: maxecenter@gmail.com /www.maxecenter.com
श्रम ईजाजत नं. १५३१/०७८/०७९

## युएइमा रोजगार
कम्पनी : KAF ALRAKHA BUILDING MAINTENANCE
पूर्व स्वीकृति मिति : २०८१/१२/१७ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/११/११ | LT. No. 321378 | चलानी नं. ६०२३५५०५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Cleaner | 1 | 0 | 900 | ३७,३२० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ भदौ ९ गते (25th Aug. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

E.U.Bright Future Pvt. Ltd. (PRESTIGE H.R. SOLUTION PVT.LTD.)
Tokha Municipality-10, Kathmandu, Nepal, Tel: 01-4975111, Email: eubrightfuture626@gmail.com
श्रम ईजाजत नं. ११७३/०७३/०७४

## कुवेतमा रोजगार
कम्पनी : AL-ESSA AND HADDAD COMPANY FOR TRADE & DECORATION WORKS / JAMAL KAMEL DAOUD NOMAN & HIS PARTNER
पूर्व स्वीकृति मिति : २०८३/०४/०१ | LT. No. 346625 | चलानी नं. ६०२५९७४८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Aluminium Fitter Helper | 176 | 0 | 110 | ५४,२६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ भदौ ९ गते (25th Aug. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

EXPRESS RECRUITER NEPAL PVT. LTD
Govt. License No. 1613/079/080
Dhumbarahi-4, Kathmandu, Nepal, Ph. No: +977-01-5916897,5917897, E-mail : expressrecruiternepal.com, expressrecruiter.nepal@gmail.com

## युएइमा रोजगार
कम्पनी : SATCO ARABIA GENERAL CONTRACTING-L.L.C-S.P.C
पूर्व स्वीकृति मिति : २०८३/०५/०१ | LT. No. 346646 | चलानी नं. ६०२५९७१८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Asst. Electricians | 5 | 0 | 1500 | ६२,१९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Blacksmith | 5 | 0 | 1500 | ६२,१९५ | | | | | | | |
| 3. | Bldg. Labourers | 3 | 0 | 1200 | ४९,७५५ | | | | | | | |
| 4. | Bricklayer | 4 | 0 | 1500 | ६२,१९५ | | | | | | | |
| 5. | Buiding Painter | 5 | 0 | 1500 | ६२,१९५ | | | | | | | |
| 6. | Carpenter | 5 | 0 | 1500 | ६२,१९५ | | | | | | | |
| 7. | Concrete Masons | 4 | 0 | 1500 | ६२,१९५ | | | | | | | |
| 8. | General Plumber | 5 | 0 | 1500 | ६२,१९५ | | | | | | | |
| 9. | Plasterer | 5 | 0 | 1500 | ६२,१९५ | | | | | | | |
| 10. | Reinforce Fitters | 5 | 0 | 1500 | ६२,१९५ | | | | | | | |
| 11. | Tile Layer | 5 | 0 | 1500 | ६२,१९५ | | | | | | | |
| 12. | Wood Door Carpenter/engraver | 4 | 0 | 1500 | ६२,१९५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ भदौ ९ गते (25th Aug. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

EARTH SMART HUMAN RESOURCES NEPAL PVT.LTD.
Sinamangal, Kathmandu-9, Phone No. +977-01-4574652, 4574653
Website: www.earthsmart-nepal.com Email : earthsmarthrn@gmail.com
श्रम ईजाजत नं. १०५०/०७३/०७४

## कतार/कुवेतमा रोजगारको अवसर — Free Visa!! Free Ticket!!
कम्पनी : MAJESTIC MEDICAL HOME CARE
पूर्व स्वीकृति मिति : २०८१/०८/०४ | पुन: विज्ञापन स्वीकृति मिति : २०८३/०५/०१ | LT. No. 313915 | चलानी नं. ६०२२८२७९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Female Nurse (3yrs. Course) | 0 | 1 | 4300 | १,८०,११९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : HEAVY ENGINEERING INDUSTRIES & SHIPBUILDING CO. K.S.C.
पूर्व स्वीकृति मिति : २०८१/१२/०४ | पुन: विज्ञापन स्वीकृति मिति : २०८३/०५/०१ | LT. No. 321235 | चलानी नं. ६०२३५३१४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour | 3 | 0 | 100 | ४९,३५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ भदौ ९ गते (25th Aug. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने | भिषा शुल्क कसले दिने | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क: | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | दिने | रोजगारदाता कम्पनीले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. १,५००/- रोजगारदाता कम्पनीले | निःशुल्क | रु.७००/- रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. भिषा प्राप्त भएको सुनिश्चित गर्न एजेन्सीमा सम्पर्क गर्नुहोस् । २.आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नुहोला । आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३.यस विज्ञापन (सूचना)मा उल्लेख भएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस् । ४.विदेश जानु अघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५.विदेश जानु अघि आफुजाने मुलुक, कामदिने कम्पनी, पाउने सेवा तथा सुबिधार अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६.काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७.यस विज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नुहोला ।

VISION & VALUE OVERSEAS PVT. LTD.
Dhapasi Marg, Basundhara, Kathmandu, Nepal, Tel- +977-4379749, 4379162, 43379450,
Tribhuban Sen Mobile No. 9767659355, E-mail : apply@vnvnepal.com| URL: www.vnvnepal.com
श्रम ईजाजत नं. ८२२/०६६/०६७

## कतारमा रोजगार
कम्पनी : ELEGANT ANGEL CLEANING AND SEVICESS
पूर्व स्वीकृति मिति : २०८३/०४/२५ | LT. No. 346319 | चलानी नं. ६०२५९७०४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner Hospital | 4 | 6 | 1000 | ४०,८६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Cleaners (Ladies) | 0 | 6 | 1000 | ४०,८६० | | | | | | | |
| 3 | Cleaners (Male) | 1 | 0 | 1000 | ४०,८६० | | | | | | | |
| 4 | Cleaners Indoor (Female) | 0 | 2 | 1000 | ४०,८६० | | | | | | | |
| 5 | Cleaners/public Building | 7 | 7 | 1000 | ४०,८६० | | | | | | | |
| 6 | Foreman (Civil) | 1 | 0 | 2500 | १०४,६४५ | | | | | | | |
| 7 | Receptionist | 0 | 1 | 2500 | १०४,६४५ | | | | | | | |
| 8 | Secretary/coordinator | 0 | 1 | 2100 | ८७,९०० | | | | | | | |
| 9 | Waiter | 0 | 1 | 1400 | ५८,६०० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ भदौ ९ गते (25th Aug. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

ABC PLACEMENTS PVT. LTD
LIC 537/061/62
Gaushala-9, Kathmandu, Nepal, Tel : 977-1-4582340, Balram Singh 9813169133
Email : infoabcplacement@gmail.com, info@abcplacement.com, Website: www.abcplacement.com

## युएइमा रोजगार
कम्पनी : MARSA AL SEEF L.L.C
पूर्व स्वीकृति मिति : २०८३/०४/२५ | LT. No. 346248 | चलानी नं. ६०२५९६९७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Bartender | 2 | 1 | 1800 | ७४,६३७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Bell Attendant | 5 | 0 | 1200 | ४९,७५८ | | | | | | | |
| 3. | Building Technician | 3 | 0 | 2000 | ८२,९३० | | | | | | | |
| 4. | Chef De Partie/cook | 2 | 2 | 3000 | १,२४,३९५ | | | | | | | |
| 5. | Commis Ii/cook General | 5 | 5 | 1200 | ४९,७५८ | | | | | | | |
| 6. | Demi Chef De Partie (Cook) | 3 | 3 | 2300 | ९५,३६९ | | | | | | | |
| 7. | Guest Service Agent/receptionist | 5 | 5 | 1800 | ७४,६३७ | | | | | | | |
| 8. | Hostess/host | 0 | 3 | 1800 | ७४,६३७ | | | | | | | |
| 9. | Housekeeping Attendent/ Chamberman/ Chambermaid | 5 | 5 | 1200 | ४९,७५८ | | | | | | | |
| 10. | Steward/cleaner | 2 | 2 | 1200 | ४९,७५८ | | | | | | | |
| 11. | Supervisor | 6 | 4 | 2100 | ८७,०७६ | | | | | | | |
| 12. | Telephone Operator | 2 | 2 | 1300 | ५३,९०५ | | | | | | | |
| 13. | Waiter/waitress | 5 | 5 | 1200 | ४९,७५८ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ भदौ ९ गते (25th Aug. 2026) मा हुनेछ ।
कृपया आफ्नो आवेदन उल्लेखित इमेल तथा WhatsApp नम्बरमा पठाउनुहोस्। सम्बन्धित पदका लागि Hospitality Sector मा सम्बन्धित कार्य अनुभव भएको हुनुपर्नेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

BRIGHT STAR HUMAN RESOURCES PVT. LTD.
Tokha 07, Prayasnagar, Kathmandu, Nepal, Tel: 015910659, Mob: Sagar Bhattarai 9851320507, 9851315983, WhatsApp : 977 985-1315983
Office Hours: 10:00 AM to 5:00 PM. Email: cv.brightstar@gmail.com, info@brightstarhr.com / Web: brightstarhr.com
श्रम ईजाजत नं. ७०३/०६४/०६५

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

**आजको मूल्य**

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला - ३०६८०० | प्रति तोला - ० | प्रति तोला - ४७७० |

## नेपालको आर्थिक विकासको आधार 'रिटर्नी' उद्यमीको सीप र पुँजी

■ प्रभाव संवाददाता




**काठमाडौं–** नेपाल उद्योग वाणिज्य महासंघका निवर्तमान अध्यक्ष चन्द्रप्रसाद ढकालले कोरियामा विभिन्न क्षेत्रका श्रम गरेर फर्किएका ठूलो संख्याका रिटर्नी उद्यमी नेपालीहरूको सीप र पुँजीलाई नेपालले अधिकतम रूपमा प्रयोगमा ल्याउनुपर्ने बताएका छन् ।

नेपाल-कोरिया उद्यमी व्यवसायी संघले आयोजना गरेको अन्तरक्रियामा उनले कोरियामा रहँदा विभिन्न क्षेत्रमा श्रम गरी ज्ञान र सीप हासिल गरेका उनीहरूको क्षमताको सदुपयोग गर्न सकिएमा नेपालको आर्थिक रूपान्तरणको मुख्य आधार निर्माण हुनसक्ने धारणा राखे ।

नेपाल कोरिया श्रम सम्बन्ध दुई देशबीचको कूटनीतिक र सांस्कृतिकसँगै आर्थिक र व्यावसायिक साझेदारीको जीवन्त उदाहरण भएको पनि आइएमई ग्रुपका अध्यक्ष ढकालले बताए । हजारौं नेपाली युवाले कोरियामा काम गरी हासिल गरेको सीप, अनुभव र पुँजी नेपालको उद्यमशीलता विकासका लागि बहुमूल्य सम्पत्ति रहेकाले यसलाई संस्थागत गरी नेपालको विकासमा लगाउन राज्य र निजी क्षेत्र संयुक्त रूपमा लाग्नुपर्ने आवश्यकता उनले औंल्याए ।

कोरियाले साठी वर्षअघि गरिबीबाट औद्योगिक शक्तिमा फड्को मार्दा अपनाएको अनुशासित कार्यसंस्कृति, गुणस्तरमा जोड, प्रविधिको विकास, निर्यातमुखी उत्पादन र सरकार-निजी क्षेत्रबीचको समन्वयजस्ता पाठ नेपालमा पनि लागू हुन सक्ने उनले बताए ।

रिटर्नी उद्यमीहरूले सिकेको अनुशासन र उत्पादकत्वमा आधारित कार्यसंस्कृति स्वदेशी उद्योगमा लागू गर्न सकेमा नेपालको औद्योगिक चरित्र नै परिवर्तन हुन सक्ने उनको भनाइ थियो ।

जलविद्युत, कृषि प्रशोधन, पर्यटन, सूचना प्रविधिलगायत साना-मझौला उत्पादनमूलक क्षेत्रमा नेपालमा प्रशस्त लगानी सम्भावना रहेको बताउँदै निवर्तमान अध्यक्ष ढकालले भारत-चीनसँगको भौगोलिक निकटता र सुध्रिँदै गएको लगानी वातावरणले नेपाललाई क्षेत्रीय उत्पादन आधारका रूपमा स्थापित हुने अवसर दिएको बताए ।

उनले लगानीमैत्री नीति र एकद्वार सेवाका लागि सरकारसँग निरन्तर संवाद गरिरहेको र यो अभियान थप तीव्र पारिनुपर्ने आवश्यकता पनि औंल्याए ।

देशभर छरिएर रहेको साना पुँजीलाई एकीकृत गरी ठूला आयोजनामा लगानी गर्न १० अर्ब रूपैयाँ पुँजीको नेपाल डेभलपमेन्ट कम्पनी लिमिटेड स्थापना गरिएको जानकारी दिँदै उनले नयाँ व्यवसाय सुरु गर्न चाहने रिटर्नीहरूका लागि उक्त कम्पनीले लगानी साझेदार बन्ने र सानो पुँजी भएकाहरूका लागि नेपाल डेभलपमेन्ट पब्लिक लिमिटेडमार्फत पनि लगानी गर्न सकिने बताए ।

### महासंघ अध्यक्ष र चिनियाँ राजदूतबीच भेटवार्ता

## नेपाल-चीन आर्थिक सम्बन्धलाई लगानी साझेदारीमा रूपान्तरण गर्न जोड

■ प्रभाव संवाददाता



**काठमाडौं–** नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष अञ्जन श्रेष्ठ र नेपालका लागि चिनियाँ राजदूत झाङ माओमिङबीच भेटवार्ता भएको छ ।

सोमबार महासंघ सचिवालय टेकुमा भएको भेटवार्तामा नेपाल-चीन आर्थिक सम्बन्धलाई व्यापार र लगानी साझेदारीमा रूपान्तरण गर्नुपर्नेमा दुवै पक्षले जोड दिएका छन् ।

उक्त अवसरमा महासंघ, चिनियाँ दूतावास, सीसीपीआईटी तथा चिनियाँ प्रान्तीय वाणिज्य संघबीच नियमित संवाद र सहकार्यलाई थप प्रभावकारी बनाउँदै व्यापार, लगानी, पर्यटन, प्रविधि हस्तान्तरण, संयुक्त उद्यम र निर्यात प्रवर्द्धनमा केन्द्रित कार्यक्रम अघि बढाउने विषयमा छलफल भएको थियो ।

महासंघका अध्यक्ष अञ्जन श्रेष्ठले नेपाल-चीनबीचको लामो समयदेखिको मैत्रीपूर्ण सम्बन्धलाई थप बलियो व्यापार, लगानी र आर्थिक साझेदारीमा रूपान्तरण गर्नुपर्नेमा जोड दिए । उनले चिया, कफी, जडीबुटी तथा हर्बल उत्पादन, हस्तकला, फेल्ट, हस्तनिर्मित कागज, तयारी पोसाक र सिङ्गिङ बाउललगायत नेपाली उत्पादनको चीनमा निर्यात बढाउन सकिने बताए । 'चीनसँग आयातको तुलनामा नेपालको निर्यात नगन्य छ । यो अवस्थामा नेपालको निर्यात व्यापार बढाउने ढंगले चिनीयाँ पक्षको सहयोग आवश्यक छ । अब हाम्रो प्राथमिकता प्रदर्शनीमा सहभागिता मात्र नभई वास्तविक अर्डर, दीर्घकालीन खरिदकर्ता र व्यावसायिक साझेदारी निर्माण गर्नु हुनुपर्छ,' उनले भने ।

महासंघले विगत १५ वर्षभन्दा बढी समयदेखि चीनको कुनमिङमा आयोजना हुँदै आएको चाइना-साउथ एसिया एक्स्पोलगायत विभिन्न व्यापार मेलामा नेपाली व्यवसायीको सहभागिता गराउँदै आएको जानकारी दिए । चिनियाँ पर्यटकको आगमन बढाउन पोखरा र भैरहवा अन्तरराष्ट्रिय विमानस्थलमा सिधा हवाई सम्पर्क विस्तारका लागि अध्यक्ष श्रेष्ठले जोड दिए ।

यस्तै नेपाल एलडीसीबाट स्तरोन्नतिको चरणमा प्रवेश गरिरहेको सन्दर्भमा निर्यात विविधीकरण, प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि र गुणस्तरीय वैदेशिक लगानी आकर्षित गर्न चीनले महत्वपूर्ण भूमिका खेल्न सक्ने अध्यक्ष श्रेष्ठले बताए । चीनसँगको सहकार्यबाट नेपालको उत्पादन क्षमता वृद्धि गर्दै क्षेत्रीय तथा विश्वव्यापी मूल्य शृंखलामा जोडिन सकिने उनको भनाइ थियो ।

अध्यक्ष श्रेष्ठले आगामी डिसेम्बरमा काठमाडौंमा आयोजना हुने ११औं नेपाल अन्तर्राष्ट्रिय व्यापार मेलामा चिनियाँ कम्पनीहरूको थप सहभागिताका लागि राजदूतसँग आग्रह गर्दै यसलाई नेपाल-चीन व्यवसायीबीच प्रत्यक्ष सम्पर्क र साझेदारी विस्तारको महत्वपूर्ण अवसरका रूपमा लिनुपर्ने बताए । भेटमा चिनियाँ राजदूत झाङ माओमिङले नेपाल-चीन सम्बन्धलाई आर्थिक तथा व्यावसायिक क्षेत्रमा थप गहिरो बनाउनुपर्ने धारणा राख्दै नेपाली उत्पादनलाई चिनियाँ बजारमा प्रवर्द्धन गर्न तथा दुई देशका व्यवसायीबीच प्रत्यक्ष सम्पर्क विस्तारमा सहजीकरण गर्ने प्रतिबद्धता व्यक्त गरे ।

चिनियाँ राजदूत झाङ माओमिङले नेपाल-चीन सम्बन्धलाई परम्परागत व्यापारिक सम्बन्धभन्दा माथि उठाउँदै लगानी, प्रविधि, संयुक्त उद्यम, निर्यात, पर्यटन तथा प्रत्यक्ष व्यावसायिक सहकार्यमा आधारित दीर्घकालीन आर्थिक साझेदारीमा रूपान्तरण गर्नुपर्ने बताए । साथै उनले त्यसकालागि सहजिकरण गर्न चीन तयार रहेको बताए ।

उनले चीनमा प्रतिष्पर्धात्मक बजार रहेकोले नेपाली वस्तु निर्यात गर्दा गुणस्तर, ब्रान्डिङ्ग र प्याकेजिङ्ग तथा परिमाणमा विशेष ध्यान दिन नेपाली व्यवसायीहरूलाई आग्रह गर्दै नेपाली व्यवसायीहरूको क्षमता अभिवृद्धिमा सहयोग गर्न आफूहरू तयार रहेको बताए । 'नेपाल चीनको असल छिमेकी हो । नेपालको विकास र समृद्धिका लागि चीन सधैं सकारात्मक छ । नेपाली वस्तुको निर्यातमा सहजिकरणकालागि पनि चीन तयार छ । यसकालागि नेपाली व्यवसायीहरूले आफ्नो क्षमता बढाउँदै लैजानु पर्दछ,' उनले भने ।

उक्त अवसरमा महासंघका वरिष्ठ उपाध्यक्ष सुरकृष्ण वैद्य, उपाध्यक्षद्वय कृष्ण प्रसाद शर्मा र नरेशलाल श्रेष्ठ वाग्मती प्रदेश अध्यक्ष वेद बहादुर श्रेष्ठ लगायतले चीन नेपालको दोस्रो ठूलो व्यापारिक साझेदार तथा महत्वपूर्ण वैदेशिक लगानीको स्रोत रहेको उल्लेख गर्दै द्विपक्षीय व्यापारमा रहेको असन्तुलन घटाउन नेपाली वस्तुको चिनियाँ बजारमा पहुँच विस्तारमा थप सहयोग र सहजिकरण आवश्यक रहेको बताए ।

**कर्पोरेट**

### 'नाडा अटो शो २०२६' भदौ ९ देखि १४ गतेसम्म




**काठमाडौं (प्रस)–** नेपालको अग्रणी, बहुचर्चित एवं भव्य व्यवसायिक अटोमोबाइल प्रदर्शनीको अठारौं संस्करणको नाडा अटो शो २०२६ यही भाद्र ९ देखि १४ गते सम्म काठमाडौंको भृकुटीमण्डप प्रदर्शनी स्थलमा आयोजना हुने भएको छ । एच.पि. लुब्रिकेन्ट्स्को शीर्ष प्रायोजनमा रहने उक्त शो ६ दिनसम्म चल्ने भएको छ ।

नाडा अटोमोवाईल्स एशोसिएशन अफ नेपालद्वारा आयोजित प्रदर्शनीले तीव्र रूपमा विकसित भईरहेको नेपालको अटोमोबाइल तथा मोबिलिटी क्षेत्रको समग्र आर्थिक, सामाजिक एवं व्यवसायिक प्रतिबिम्बलाई प्रस्तुत गर्नेछ । नाडाको ५०औं वार्षिकोत्सवको उपलक्ष्यमा यस नाडा अटो शो को १८औं संस्करणलाई स्वर्ण उत्सव संस्करणको रूपमा भव्यताका साथ आयोजना गरिने भएको छ । यस प्रदर्शनीले विगतमा झैं अटोमोबाइल कम्पनीहरूलाई आफ्ना नवीनतम सवारी साधन, प्रविधि, उत्पादन तथा सेवाहरू प्रदर्शन गर्न र ग्राहक तथा व्यावसायिक सरोकारवालासँग प्रत्यक्ष सम्पर्क स्थापित गर्न महत्वपूर्ण अवसर प्रदान गर्ने छ ।

नाडा अटो शो को मुख्य उद्देश्य सम्पूर्ण अटोमोटिभ इको सिस्टमलाई एउटै मञ्चमा ल्याउनु र आगन्तुकहरूलाई बजारमा उपलब्ध नवीनतम उत्पादन, प्रविधि तथा नवप्रवर्तनको प्रत्यक्ष अनुभव गर्ने अवसर प्रदान गर्नु हो । यस प्रदर्शनीले अटोमोबाइल क्षेत्रसम्बन्धी जनचेतना अभिवृद्धि, व्यावसायिक सञ्जाल विस्तार तथा नेपालको अटोमोबाइल उद्योगको निरन्तर विकासमा योगदान पुऱ्याउने विश्वास आयोजकको रहेको छ ।

लगभग तीन लाख वर्गफुट क्षेत्रफलमा आयोजना गरिएको यस प्रदर्शनीमा साना ठूला गरी २०० भन्दा बढी स्टलहरू रहने छन् जस्मा २३ वटा ब्राण्डका पेसेन्जर कार भेहिकल, १७ वटा ब्राण्डका लाइट कमर्शियल भेहिकल, १३ वटा ब्राण्डका दुई पांग्रे, १० वटा वित्तीय एवं बीमा सेवा प्रदायकहरू तथा ७० वटा अटोमोटिभ पार्टपुर्जा, एसेसरिज, टायर, लुब्रिकेन्ट्स, ग्यारेज उपकरण, र अटोमोबाइल सम्बन्धी अन्य उत्पादन र सेवाहरू प्रदर्शन गरिनेछन् र यी स्टलहरूमा नेपालमा एसेम्बल हुने सवारी साधन, ल्युब, व्याट्री, हेल्मेट एवं अन्य सामाग्रीहरू समेत रहेका छन् ।

### महालक्ष्मी विकास बैंकका ग्राहकलाई विभिन्न सात संस्थामा छुट




**काठमाडौं (प्रस)–** महालक्ष्मी विकास बैंक लिमिटेडले स्वास्थ्य, होटल तथा रेस्टुरेन्ट क्षेत्रका संस्थासँग समन्वय गरी अगाडि बढ्ने अभिप्रायका साथ विभिन्न संस्थाहरूसँग सम्झौता गरेको छ । सम्झौता पश्चात महालक्ष्मी विकास बैंकका डेविट कार्ड, क्रेडिट कार्ड तथा मोबाइल बैंकिङ्ग प्रयोग गर्ने ग्राहकहरूले उक्त संस्थाहरूका विभिन्न सेवाहरूमा विशेष छुट प्राप्त गर्न सक्नेछन् । सम्झौता अनुसार बैंक र मनकामना हिलक्रेस्ट होटल, कुरिनटारबीच भएको सम्झौता अनुसार उक्त होटलमा १२.५ प्रतिशत छुट दिइनेछ भने एलोफ्ट होटल काठमाडौंमा १५ प्रतिशत छुट हुने भएको छ । तयस्तै उल्लो हात्ती लाजिम्पाटमा १० प्रतिशत, अल्फा केयर डाइगोनास्टिक सेन्टर बुद्धनगरमा २० प्रतिशत छुट हुने भएको छ । त्यस्तै दृष्टि आई केयर कलंकीमा २० प्रतिशत छुट हुँदा ओरियन्ट क्याफे दरबारमार्गमा १५ प्रतिशत छुट हुनेछ । त्यस्तै हेटौंडामा रहेको होटल स्मारकमा १५ प्रतिशतसम्म छुट सुविधा पाइने पनि बैंकले जनाएको छ ।

यस किसिमको सहकार्यबाट बैंकका डेविट कार्ड, क्रेडिट कार्ड तथा मोबाइल बैंकिङ्ग प्रयोग गर्ने ग्राहकहरू प्रत्यक्ष रूपमा लाभान्वित हुने विश्वास बैंकले लिएको छ । गुणस्तरीय वित्तीय सेवा प्रदान गर्दै आएको यस बैंकले हालै मात्र काठमाण्डौं, ज्ञानेश्वरमा कफि लाउञ्ज सहितको डिजिटल हब सञ्चालनमा ल्याएको छ ।

### सानिमा रिलायन्स लाइफको 'क्लब अचिभर्स इभेन्ट' सम्पन्न




**काठमाडौं (प्रस)–** सानिमा रिलायन्स लाइफ इन्स्योरेन्स लिमिटेडले 'क्लब अचिभर्स इभेन्ट २०८३' सम्पन्न गरेको छ । ललितपुरस्थित होटल रोयल टुलिपमा आयोजित उक्त समारोह देशभरका शाखा तथा उपशाखा कार्यालयहरूमा आबद्ध भई 'क्लब योजना'मा सफलता हासिल गर्न सफल वीमा सल्लाहकारहरूको सम्मान तथा प्रोत्साहनका लागि लक्षित गरिएको थियो । उक्त विशेष कार्यक्रममा कम्पनीको सञ्चालक समितिका अध्यक्ष रतनलाल केडिया, सञ्चालकहरू भरत कुमार तोदी र केशवराज के.सी. तथा प्रमुख कार्यकारी अधिकृत शिवनाथ पाण्डे लगायत उच्च व्यवस्थापन समूहको गरिमामय उपस्थिति रहेको थियो ।

कार्यक्रमलाई सम्बोधन गर्दै कम्पनीका अध्यक्षले कम्पनीको निमन्त्रणालाई सहर्ष स्वीकार गरि देशका विभिन्न स्थानबाट उपस्थित भएका क्लब सदस्यता प्राप्त गर्न सफल वीमा सल्लाहकारहरूमा स्वागत गर्दै सानिमा रिलायन्स लाइफ इन्स्योरेन्सप्रति देखाएको अगाढ विश्वास र कम्पनीको व्यवसाय वृद्धिमा उनीहरूले पुऱ्याएको अतुलनीय योगदान प्रति हार्दिक आभार तथा धन्यवाद व्यक्त गरेका थिए ।

कार्यक्रमा कम्पनीका प्रमुख कार्यकारी अधिकृत शिवनाथ पाण्डेले सबै क्लब सदस्यहरू प्रति आभार प्रकट गर्दै कम्पनीको मेरुदण्डका रूपमा रहेका वीमा सल्लाहकारहरूलाई प्रोत्साहन गर्ने खालका कार्यक्रमहरू भविष्यमा पनि ल्याउने कुरा व्यक्त गे । हाल इन्स्योरेन्सले देशभर १६९ शाखा सञ्जालमार्फत सेवा प्रदान गर्दै आएको छ । कम्पनीको पूँजी ५ अर्ब रूपैयाँभन्दा बढी रहेको छ भने २७ अर्ब रूपैयाँभन्दा बढी लगानी रहेको छ । साथै, १७,००० भन्दा बढी अभिकर्ताहरू कम्पनीमा सक्रिय रूपमा कार्यरत रहेका छन् ।

### कुमारीको मोबाइल बैंकिङमा आइआरडी प्रोत्साहन सुविधा कार्यक्रम

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

**काठमाडौं (प्रस)–** कुमारी बैंक लिमिटेडले नेपाल सरकार तथा आन्तरिक राजस्व विभागको करदाता प्रोत्साहन कार्यक्रमलाई सहयोग पुऱ्याउने उद्देश्यले आफ्नो मोबाइल बैंकिङ्ग एपमा आईआरडी प्रोत्साहन कार्यक्रम सुविधा उपलब्ध गराएको छ । आर्थिक वर्ष २०८३/८४ को बजेट मार्फत सुरु गरिएको यस कार्यक्रमले उपभोक्तालाई प्यान र भ्याट बिल लिन प्रोत्साहन गर्नुका साथै डिजिटल भुक्तानी, कर अनुपालन तथा वित्तीय पारदर्शिता प्रवर्द्धन गर्ने लक्ष्य राखेको छ ।

यस सुविधा मार्फत कुमारी बैंकका ग्राहकहरूले नेपालभित्र व्यक्तिगत प्रयोजनका लागि रु. १०० भन्दा बढीको वस्तु वा सेवा खरिद गरी व्यापारीको क्यूआर मार्फत भुक्तानी गर्दा स्वतः पुरस्कार योजनामा सहभागी हुन सक्नेछन् । ग्राहकहरूले कुमारी स्मार्ट मोबाइल बैंकिङ्ग एपको आईआरडी प्रोत्साहन कार्यक्रम मेनु मार्फत योग्य कारोबार हरूको संख्या, कारोबार विवरण तथा पुरस्कार प्राप्त गरेको अवस्था समेत सजिलै हेर्न सक्नेछन् । यसले ग्राहकहरूलाई डिजिटल भुक्तानी गर्न, प्यान र भ्याट बिल लिन तथा औपचारिक कारोबारलाई प्रोत्साहन गर्न महत्वपूर्ण भूमिका खेल्ने अपेक्षा गरिएको छ ।

आन्तरिक राजस्व विभागको व्यवस्था अनुसार योग्य कारोबारमध्ये बाट दैनिक लक्की ड्र मार्फत एक जना ग्राहकले कर कट्टी पश्चात रु. १ लाख नगद पुरस्कार प्राप्त गर्नेछन्, भने प्रत्येक १५ दिनमा एक जना भाग्यशाली ग्राहकले रु. १० लाख बराबरको बम्पर पुरस्कार प्राप्त गर्नेछन् ।

## एनसेल र बिवाइडी नेपालबीच सम्झौता




**काठमाडौं (प्रस)–** एनसेलले कनेक्टेड भेइकल सर्भिस उपलब्ध गराउनका लागि नेपालका लागि बिवाइडी अटो इन्डस्ट्री कम्पनी लिमिटेडको आधिकारिक वितरक साइमेक्स इन्कसँग साझेदारी गरेको छ । यो साझेदारीसँगै अब नेपालमा बिक्री हुने बिवाइडीका प्रत्येक सवारी साधनमा एनसेलको इन्टरनेट अफ थिङ्स (आईओटी) सिम जडित हुनेछन् जसबाट ग्राहकहरूलाई अझ सहज र डिजिटल्ली कनेक्टेड ड्राइभिङ अनुभव प्राप्त गर्न सक्नेछन् ।

यस सहकार्यले नेपालमा आईओटी नवप्रवर्तनको क्षेत्रमा एनसेलको अग्रणी स्थानलाई थप सुदृढ बनाएको छ। यसलाई अवलम्बन गर्दै, एनसेलले विभिन्न क्षेत्रमा कनेक्टेड प्रविधिको प्रयोगलाई थप प्रवर्द्धन गर्ने प्रतिबद्धतालाई निरन्तरता दिएको छ ।

आईओटी सिम जडित भएपछि गाडीमा अन्य कुनै उपकरणको प्रयोग बिनै इन-भेइकल इन्टरनेट कनेक्टिभिटीको सेवा उपलब्ध हुन्छ, जसले बिवाइडी एप इकोसिस्टम र कनेक्टेड इन्फोटेनमेन्ट सुविधाहरूलाई सपोर्ट गर्छ ।

प्रयोगकर्ताहरूले फोन कनेक्ट नगरी वा वाई-फाई हटस्पटमा निर्भर नभई सवारी साधनको सिस्टमबाटै युट्युब, स्पोटिफाइ, काराओके लगायतका अनलाइन सेवा र डिजिटल मनोरञ्जन लिन सक्नेछन् ।

'आईओटी सेवासम्बन्धि यो साझेदारीले बिवाइडी सवारी साधनहरूमा स्मार्ट कनेक्टिभिटी, इन्फोटेनमेन्ट, सुरक्षा र इन्टेलिजेन्ट मोबिलिटीको सुविधा दिन्छ, जसले गर्दा ग्राहकहरूले आईओटी सोलुसन्स मार्फत अझ सहज र सुविधाजनक कनेक्टेड ड्राइभिङ अनुभव लिन सक्छन्,' एनसेलका चिफ कन्ज्युमर बिजनेस अफिसर उपांग दत्ताले काठमाडौंमा आयोजित सम्झौता हस्ताक्षर कार्यक्रमका क्रममा भने ।

एनसेलसँगको साझेदारीप्रति उत्साह व्यक्त गर्दै साइमेक्स इन्कका प्रमुख कार्यकारी अधिकृत साहिल श्रेष्ठले भने, 'बिवाइडी सधैं प्राविधिक नवप्रवर्तनको अग्रपङ्क्तिमा रहेको छ । एनसेलसँग सहकार्य गरेर हामी हाम्रा ग्राहकहरूको अनुभवलाई अझ उन्नत बनाउने अर्को महत्वपूर्ण कदम चालिरहेका छौं । भरपर्दो इन-भेइकल कनेक्टिभिटीले हाम्रा प्रयोगकर्ताहरूलाई बिवाइडी सवारी साधनका इन्टेलिजेन्ट सुविधाहरू पूर्ण रूपमा अनुभव गर्न सहजीकरण गर्दछ ।'

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्सप्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ